इमरान खान, कुरेसीलगायत पिटिआई नेता आजादी ... पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ • अंक २६ • २०८१ साल जेठ ३२ गते शुक्रबार (14 Jun, Friday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## नीति तथा कार्यक्रम पारित



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले आर्थिक वर्ष ०८१/०८२ का लागि प्रदेशसभामा पेश गरेको वार्षिक नीति तथा कार्यक्रम सर्वसम्मतिले पारित भएको छ ।

विपक्षी दल जनता समाजवादी पार्टी (जसपा) नेपालको अनुपस्थितिमा सर्वसम्मतरुपमा नीति तथा कार्यक्रम सदनबाट पारित भएको छ । प्रदेशसभाको बिहीबार बसेको बैठकमा मुख्यमन्त्री सतीशकुमार सिंहले नीति तथा कार्यक्रममा छलफलको प्रस्ताव राखेका थिए ।

नीति तथा कार्यक्रममाथि भएको छलफलका क्रममा उठेको सवालहरुलाई मुख्यमन्त्री सिंहले सम्बोधन गर्ने आश्वासन दिए पछि सर्वसम्मतरुपमा पारित भएको छ । नीति तथा कार्यक्रममा नेपाली कांग्रेसका प्रदेशसभा सदस्य बीरेन्द्र प्रसाद सिंहले राखेका संशोधन प्रस्ताव फिर्ता लिएका थिए ।

महेन्द्रनारायण निधि निवास र जनता आवास योजनालाई पनि निरन्तरता दिने प्रमुख विपक्षी दल नेपाली कांग्रेसलाई उनले आश्वासन दिएका थिए । मुख्यमन्त्री सिंहले भने, 'गौरवको योजनालाई प्राथमिकता दिन्छु । नीति तथा कार्यक्रममै सबै समेटेको भए । बजेटमा के इन्ट्रेस्टिङ रहन्थ्यो । बजेटका लागि पनि केही इन्ट्रेस्टिङ आउँछ ।'

मुख्यमन्त्री सिंहले पारित गर्नका लागि प्रदेशसभामा पेश गरेको नीति तथा कार्यक्रमलाई उपसभामुख बबिता कुमारी राउत इशरले निर्णायार्थ पेश गरेकी थिइन् । सो प्रस्ताव ध्वनि मतका आधारमा सर्वसम्मतरुपमा पारित भएको थियो । उपसभामुख बविता इसर राउतले ध्वनी मतको आधारमा नीति तथा कार्यक्रम सर्वसम्मतले पास भएको घोषणा गरेकी थिइन् ।

जसपा नेपालको एकताको राष्ट्रिय महाधिवेशन जनकपुरधाममा चार दिनदेखि चलिरहेका कारण प्रदेश सांसदहरु कार्यव्यस्तताका कारण सदनमा उपस्थित हुन सकेनन् । सदनमा प्रदेश प्रमुख सुमित्रा भण्डारीले नीति तथा कार्यक्रम प्रस्तुत गरेको दिन पनि जसपा नेपाल पार्टीका साँसदहरु अनुपस्थित नै रहेका थिए ।

## जसपालाई समावेशी बनाउन अध्यक्षलाई सर्वाधिकार

# निर्विरोध बाहेक सबै उम्मेदवारी फिर्ता, महाधिवेशन सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालको अध्यक्षमा उपेन्द्र यादव निर्विरोध निर्वाचित भए लगतै सबै उम्मेदवारलाई मनोनयन पत्र फिर्ता गराएका छन् ।

निर्विरोध भएका अध्यक्ष यादव र केही सदस्य बाहेकका पदहरुमा मतदानको समय मध्यान्ह १२ बजे निर्धारण गरिएको थियो ।उम्मेदवारहरुले गर्मीको बेवास्ता गर्दै प्रचारप्रसारमा जुटेका थिए ।

अध्यक्ष यादवलाई प्रमाण पत्र वितरण गर्ने कार्यक्रममा सहभागी उम्मेदवारहरुले मतदान नगराइ सदस्य र पदाधिकारीहरु चयन गर्ने सम्पूर्ण अधिकार अध्यक्ष यादवलाई दिने प्रस्ताव पास गरे । उनीहरुले दिएका उम्मेदवारीसमेत फिर्ता लिएको घोषणा गरे । उम्मेदवारहरुले सम्पूर्ण अधिकार अध्यक्षलाई दिएकाले २ सय १ सदस्यीय केन्द्रीय समितिमा अध्यक्ष र निर्विरोध निर्वाचित सदस्य बाहेकको चयन अध्यक्ष यादवले गर्ने छन् ।

निर्धारित समय भन्दा चुनावकै लागि एकदिन लम्बिएको महाधिवेशनले अन्ततःसवै अधिकार अध्यक्षलाई जिम्मा लगाउँदै सम्पन्न भएको छ । कतिपय उम्मेदवारले मतदान सुरु हुने बखत उम्मेदवारी फिर्ता गराउने निर्णय गर्नु भन्दा बुधवार नै गरेको भए ठूलो आर्थिक क्षतिबाट जोगिन सकिने टिप्पणी गरेका छन् ।

केन्द्रीय समिति गठन गर्ने सर्वाधिकार अध्यक्ष उपेन्द्र यादवले लिएपछि पार्टी विभाजन गरी जनता समाजवादी पार्टीको सहअध्यक्ष बनेकी रेणु यादवले सामाजिक सञ्जालमा कडा आलोचना गरेकी छन् ।

उनले सामाजिक सञ्जालमा लेखेकी छन्-'ये तो होना हीं था । मैं जो करता हुँ वही लोकतन्त्र है, मै जो बोलता हुँ वही लोकतन्त्र है । मैं जो सुनाता हुँ वही लोकतन्त्र है। क्यों कि मै हीं प्रनेता हुँ,नेता हुँ ।'

अध्यक्ष सर्वसम्मत भएदेखि नै चुनाव हुनेमा धेरैको आशंका थियो । तैपनि बिहीबार चुनावी माहोल बनेको थियो । चुनाव प्रचारको क्रममा बुधवार रातिदेखि बिहीबार मध्यान्हसम्म उम्मेदवार हरुले सम्पूर्ण ताकत लगाएका थिए ।

उम्मेदवारी फिर्ताबाट पदाधिकारीमा चुनाव लडेकाहरुमध्ये अधिकांश निराश देखिएका छन् । 'अन्तिम समयमा उम्मेदवारी फिर्ता गराउनु लोकतान्त्रिक विधि र प्रकृयाको उपहास भएको छ' पदाधिकारीमा चुनाव लडेका एकजना उम्मेदवारले नाम सार्वजनिक नगर्ने शर्तमा भने-'झण्डै १ सय ९० जना टीकाबाट नै केन्द्रीय समितिमा पुग्ने छन् ।'

तर कतिपयले चुनाव भएको खण्डमा पार्टी समावेशी हुन नसक्ने देखिएपछि अन्तिम समयमा सर्वाधिकार अध्यक्ष यादवले लिएको तर्क गरेका छन् ।

स्रोतहरुका अनुसार अध्यक्ष यादवले आफ्नो उत्तराधिकारी सहअध्यक्षमा रकम चेम्जोंगलाई चयन गर्ने छन् । मतदान हुँदा राजकिशोर यादव सहअध्यक्षमा जित्ने निश्चित थियो ।

पूर्व मुख्यमन्त्री लालबाबु राउतलाई उपाध्यक्षमा ल्याइने तयारी भएको छ । उपाध्क्षमा गोविन्द चौधरी, मृगेन्द्र कुमार सिंह यादव र अर्जुन थापालाई राखिने स्रोतले जनाएका छन् ।

स्रोतका अनुसार महिला उपाध्यक्षमा लिला देवी सिटौलाको छनोट हुने बलियो संभावना रहेको छ । खुल्ला तर्फ १७ जना र महिला तर्फ ६ जनाले उम्मेदवारी दिएका थिए ।

दुई जना महासचिवमा रामकुमार शर्मा पक्का रहेका छन् । दीपक कार्की र प्रकाश अधिकारी मध्ये एकजना हुनेछन् । अधिकारी र कार्कीले भने उम्मेदवारी दिएका थिएनन् ।

उपमहासचिवमा डा.सुरेन्द्र यादव र जयप्रकाश राई समावेशीमा पर्ने संभावना छ । महिला उपमहासचिवमा निर्मला यादव उपयुक्त मानिए पनि सीता कुमारी यादवको संभावना पनि बलियो छ ।

७ जना सचिवमा सरोज सिंह कुशवाहा, रामकुमार मण्डल, चन्देश्वर पासमान, रमेश चन्द्र प्रधान, मनिष सुमन, राजकुमार गुप्ता र रामबाबु कुमार यादवको सम्भावना रहेको छ । त्यसैगरि महिला सचिवमा सुरिता कुमारी साहको बलियो सम्भावना छ ।

कोषाध्पक्षमा विजय यादव दोहोरिने सम्भावना छ ।उनी लामो समयदेखि पार्टीको कोषाध्यक्ष र अर्थविभाग सम्हाल्दै आएका छन् । पदाधिकारीमा उम्मेदवारी दिनेहरु केन्द्रीय सदस्यमा समेटिने छन् ।

पदाधिकारीमा नपरेका ११ जनालाई कार्यकारिणी समितिमा लगिने छ । पार्टीको विधान अनुसार २० जना पदाधिकारीसहित केन्द्रीय समितिबाट मनोनित ११ जना गरी ३१ जनाको कार्यकारिणी समिति रहेको छ ।



### केन्द्रीय समिति गठनमा केही समय लाग्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । जसपा नेपालका नवनिर्वाचित अध्यक्ष उपेन्द्र यादवले केन्द्रीय कमिटी गठनमा केही समय लाग्ने बताएका छन् ।

'सबै प्रदेश, सबै कलस्टर मिलाउने गरी नेताहरुसित व्यापक छलफल गरी केन्द्रीय कमिटी गठन हुनेछ' जनकपुर टुडेसित उनले भने, जसपा नेपाल पूर्ण समानुपातिक र समावेशी मान्यतालाई अंगीकार गरेको छ ।'

उत्साहपूर्ण वातावरणमा महाधिवेशनलाई भव्यरुपमा सम्पन्न गर्ने सहयोग गर्ने पार्टीका नेता, कार्यकर्ता, शुभेच्छुक लगायत विदेशी प्रतिनिधिहरुमा उनले धन्यवाद ज्ञापन गरेका छन् ।

मधेशी जनअधिकार फोरमको पहिलो अधिवेशन वीरगञ्जमा हुँदा पनि अध्यक्ष यादव निर्विरोध निर्वाचित भएका थिए । नाम फेरिदै जसपा नेपाल सम्म आइपुग्दा एकताको प्रथम राष्ट्रिय महाधिवेशनबाट पनि उनी निर्विरोध अध्यक्ष चयन भएका छन् ।

## मुख्य न्यायाधिवक्तामा महतो नियुक्त



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश सरकारको मुख्य न्यायाधिवक्तामा वरिष्ठ अधिवक्ता सुरेन्द्र महतोलाई नियुक्त गरिएको छ ।

मुख्यमन्त्री सतीशकुमार सिंहको सिफारिसमा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले बिहीबार महतोलाई मुख्य न्यायाधिवक्तामा नियुक्त गरेकी छन् । नेपालको संविधानको धारा १६० को उपधारा (२) बमोजिम अधिवक्ता महतोलाई सो पदमा नियुक्त गरिएको प्रदेश प्रमुखको कार्यालयबाट जारी विज्ञप्तिमा उल्लेख छ ।

धनुषाको सवैलाका महतो लामो समयदेखि काठमाण्डुमा वकालत पेशामा आबद्ध छन् ।

यसअघिका मुख्य न्यायाधिवक्ता वीरेन्द्र ठाकुरले आफ्नो पदबाट राजीनामा दिएका छन् । जसपा नेपाल नेतृत्वको सरकार हटेपछि वीरेन्द्र ठाकुरले राजीनामा दिएका छन् । ठाकुर न्यायाधिवक्ता हुँदा मधेश प्रदेशका लागि धैरै कानुनहरु बनाइएको थियो तर त्यो कानुनहरु टेवल हुन सकेको थिएन् । नवनियुक्त न्यायाधिवक्ता महतो आए पछि प्रदेशले नयाँ कानुन टेवल गर्ने विश्वास लिइएको छ ।







# कृषियोग्य जमिनको उर्बराशक्ति घट्दै, प्राङ्गारिक मलमा प्रोत्साहनमा कमी

वीरगञ्ज। वीरगञ्जको त्रिभुवन हनुमान माध्यामिक विद्यालयका पूर्वप्रधानाध्यापक शत्रुघन गिरी लामो समय शिक्षण पेसामा कार्यरत रहनुभयो । शिक्षण पेसाबाट अवकाश पाएपछि उहाँमा केही नयाँ काम गर्ने हुटहुटी जागेसँगै अहिले प्राङ्गारिक मलको प्रयोग गरेर खेती किसानी गर्दै आइरहनुभएको छ।



उहाँले अहिले पर्सा जिल्लाको पोखरिया नगरपालिका-१ स्थित आफ्नै डेढ बिघा खेतमा कालो मार्सी धान रोप्दै आउनु भएको छ । "प्राङ्गारिक मलको प्रयोग गरेर धान तथा गहुँ खेती गर्दै आइरहेको छु। उब्जनी पनि सोचेभन्दा राम्रो भइरहेको छ," उहाँले भन्नुभयो, "रासायनिक मलको सधैंको हाहाकार हुने समस्याबाट आजित भएर नै प्राङ्गारिक मलको प्रयोग गरेर खेती गर्दै आइरहेको छु। अचेल त रासायनिक मलको प्रयोग गर्नै छाडिसकें।"

उहाँलाई राज्यले प्राङ्गारिक मल प्रयोगमा प्रोत्साहन नगरेकामा भने दुःख लाग्दछ । "अत्यधिक रासायनिक मलको प्रयोगले माटोको अम्लियनपन बढाएको र कृषि उब्जनी पनि घटेकोघट्यै छ", उहाँले भन्नुभयो, "राज्यले विकासे मलमा मात्रै होइन, प्राङ्गारिक मलमा पनि अनुदान बढाउनुपर्‍यो ।" उहाँले व्यक्तिगत तबरले प्राङ्गारिक मलको प्रयोग गरेर कालो मार्सी धान रोप्दै आइरहनुभएको छ।

उहाँले उत्पादन गरेको कालोमार्सी धान प्रति क्विन्टल साढे १० हजार रुपैयाँमा भन्दा बढीमा बिक्री हुँदै आइरहेको छ । "अहिलेका मान्छेहरू तातै खाउँ छिटो मरौं भन्ने जस्तो जतिसक्दो धेरै रासायनिक मलको प्रयोग गरेर धेरै उब्जाउने प्रवृत्तितर्फ गइरहेका छन्," उहाँले भन्नुभयो, "केही वर्षका लागि त रासायनिक मलको प्रयोगले उब्जनी पनि बढाउला तर यो सधैँ दिगो भने रहँदैन । त्यसैले मैले रासायनिक मललाई त्यागेर प्राङ्गारिक मलको प्रयोग गरी खेती गर्दै आइरहेको छु। यसबाट उत्पादन हुने कृषि उपजले पक्कै पनि स्वास्थ्यलाई हितकर नै हुनेछ।"

पूर्व प्रधानाध्यापक गिरीले मात्रै होइन, वीरगञ्जका केही सचेत कृषकले रासायिनक मलको सट्टामा अहिले प्राङ्गारिक मल खरिद गरेर खेती किसानी गर्दै आइरहेका छन् । कृषि ज्ञान केन्द्र पर्साका प्रमुख कमलदेवप्रसाद कुशवाहा रासायनिक मलको सट्टामा प्राङ्गारिक मलको प्रयोग गरेर खेती गर्दा उब्जनी पनि राम्रो हुने बताउनुहुन्छ। "रासायनिक मलको अत्यधिक प्रयोगले कृषियोग्य जमिनमा अम्लियपन बढ्दै गइरहेको छ। यसले कृषि उत्पादकत्व पनि घटिरहेको छ ।" उहाँले भन्नुभयो, "रासायनिक मलको कारणले क्षणिक रुपमा उत्पादन बढे पनि अन्ततः त्यसले दीर्घकालीन रुपमा फाइदा भने गर्दैन।"

प्रमुख कुशवाहाले सरकारले वर्षेनी रासायनिक मलमा रु ३५/४० अर्ब अनुदान दिए पनि प्राङ्गारिक मलमा पनि अनुदान दिने व्यवस्था गर्न आवश्यक भएको बताउनुभयो । "रासायनिक मलले बिग्रिएको माटोलाई प्राङ्गारिक मलको प्रयोग गरेर भए पनि केही हदसम्म सुधार गर्न सकिन्थ्यो," उहाँले भन्नुभयो, "प्राङ्गारिक मलको प्रयोग गरेर उत्पादन हुने कृषि उपज पनि स्वास्थ्यको लागि राम्रो हुने गर्छ ।" पछिल्लो समय कृषकले आफ्नो घरमा गाई/भैंसी जस्ता चौपाया नपाल्ने चलन बढ्न थालेकाले प्राङ्गारिक मलको अभाव हुने गरेको छ।

कृषि सामग्री कम्पनी लिमिटेड प्रार्देशिक कार्यालय वीरगञ्जका प्रमुख दुर्गाप्रसाद पाण्डेय स्थानीय तहले प्राङ्गारिक मल प्रयोग गर्नका लागि प्रोत्साहनमूलक कार्यक्रम नगरेको बताउनहुन्छ। "सरकारले प्राङ्गारिक मलमा अनुदान दिएको खण्डमा रासायनिक मलको खरिद र बिक्री कम भइहाल्छ", उहाँले भन्नुभयो, "अहिले कृषकले अत्यधिक मात्रामा रासायनिक मल प्रयोग गर्ने प्रवृत्ति बढेको छ। प्रत्येक बालीमा प्रतिकठ्ठा १० केजीको दरले रासायनिक मल राख्दै जाने हो भने त पाँच/सात वर्षमै माटोको उर्वराशक्ति ह्रास भएर जाने गर्छ।"

> कृषि ज्ञान केन्द्रका प्रमुख कुशवाहाले सीमावर्ती बजारमा नक्कली प्राङ्गारिक मलको कारणले जनताको आकर्षण बढ्न नसकिरहेको बताउनुभयो ।

सरकारी मापदण्डअनुसार प्रतिकठ्ठा तीन किलोग्राम मल प्रयोग गर्नुपर्ने हुन्छ तर धेरै खेती उब्जाउने नाममा कृषकले प्रतिकठ्ठा आठदेखि १० किलोग्राम रासायनिक मल प्रयोग हुँदै आइरहेको छ। यहाँ सीमावर्ती जिल्लासँग जोडिएकाले पनि सहजै रुपमा तस्करीको माध्यमबाट पनि कृषकले मल प्राप्त गर्न सक्छन्।

प्राङ्गारिक मलको व्यावसायिक उत्पादन

घरगोठमा नै उत्पादन हुने प्राङ्गारिक मलको अभावलाई परिपूर्ति गर्नका लागि वीरगञ्ज आसपासको क्षेत्रमा व्यावसायिक रुपमा पनि प्राङ्गारिक मलको पनि उत्पादन र बिक्री वितरण पनि हुँदै आइरहेको छ। क्याप्टेन फार्म प्राली वीरगञ्जले नौं वर्षदेखि वीरगञ्ज महानगरपालिका-२४ रामगढवा ज्योत्तिनगरमा व्यावसायिक रुपमा प्राङ्गारिक मलको उत्पादन गर्दै आइरहेको छ।

क्याप्टेन फार्म प्रालिका सञ्चालक ताराप्रसाद गुप्ताले रासायनिक मलको अभावलाई पूर्ति गर्न र माटोको उर्बराशक्तिलाई कायम राख्न भन्दै २०७२ सालदेखि प्राङ्गारिक मलको उत्पादन गर्दै आइरहेको बताउनुहुन्छ । "हामीले चार विघा क्षेत्रफलको जग्गामा नौ वर्षदेखि प्राङ्गारिक मल उत्पादन गर्दै आइरहेका छौँ। गाईभैंसीको गोबर, स्थानीय झारजात, जडिबुटीलाई 'वेष्ट डिकम्पोजर'बाट कुहाएर प्राङ्गारिक मल बनाउँदै आइरहेका छौँ ।" उहाँले भन्नुभयो, "हामीले जैविक ढङ्गले प्राङ्गारिक मल उत्पादन गर्दै आइरहेका छौँ। यसमा कुनै पनि प्रकारको रसायनको प्रयोग गरिएको छैन।"

कम्पनीले अर्गानिक कार्बनको छुट्टै ट्याङ्की बनाएको छ । कोशेबाली कुहाएर जैविक नाइट्रोजन निकाल्ने गरेको छ । कम्पनीले कम्पोष्ट र गड्यौले गरी दुई खालका प्राङ्गारिक मल उत्पादन गर्दै आइरहेको छ । प्राङ्गारिक मल बन्नका लागि कम्तिमा पनि ४५ देखि ६० दिनको अवधि लाग्ने बताइन्छ।

कम्पनीसँग वार्षिक दुई हजार मेट्रिक टन प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता रहेको छ तर अहिले कम्पनीले वार्षिक एक हजार मेट्रिक टन प्राङ्गारिक मल उत्पादन हुदैं आइरहेको छ । प्राङ्गारिक मल प्रतिकिलोग्राम ३० देखि ३२ रुपैयाँमा बिक्री हुँदै आइरहेको छ। प्राङ्गारिक मल प्रतिकठ्ठा २५ देखि ३५ किलोग्राम प्रयोग गर्दा राम्रो हुने बताइन्छ । व्यावसायिक रुपमा उत्पादन गरेको प्राङ्गारिक मल एक केजी, दुई केजी र २५ केजीको बोरामा उपलब्ध हुँदै आएको कम्पनीले जनाएको छ ।

कम्पनीका सञ्चालक गुप्ताले रासायनिक मलको प्रयोग हुँदै आइरहेको जमिनमा प्राङ्गारिक मल प्रयोग गरेपछि ६० प्रतिशत रासायनिक मलको हिस्सा कमी गर्न सकिने दाबी गर्नुहुन्छ । "रासायनिक मल प्रयोग हुँदै आइरहेको जमिनमा पहिलो पटक प्राङ्गारिक मलको प्रयोग गर्ने हो भने ६० प्रतिशत रासायनिक मलको मात्रा घटाउन सकिनेछ," उहाँले भन्नुभयो ,"दोस्रो पटकमा विगतमा प्रयोग हुने रासायनिक मलको २० प्रतिशत मात्रा प्रयोग गरे पुग्नेछ। तेस्रो बालीमा भने १० प्रतिशतमा झार्न सकिनेछ । चौथो बालीपछि भने रासायनिक मलको प्रयोग गर्नु पर्दैन।"

कम्पनीले अहिले दैनिक १५ जनालाई रोजगारी दिँदै आइरहेको छ । "सुरुआती चरणमा प्राङ्गारिक मलप्रति किसानको विश्वास जगाउन धेरै गाह्रो थियो तर अहिले विस्तारै कृषकले प्राङ्गारिक मलको आवश्यकता बुझ्दै आउनुभएको छ", गुप्ताले भन्नुभयो । स्थानीय तहले कृषकलाई प्राङ्गारिक मल प्रयोग गर्नमा अनुदान दिने कार्यक्रम अघि बढाउन जरुरी रहेको उहाँको भनाइ छ। कम्पनीले उत्पादन गरेको प्राङ्गारिक पर्सा, बारा, पोखरा र धनगढीसम्म बिक्री वितरण हुँदै आइरहेको जनाएको छ । वीरगञ्ज महानगर क्षेत्रमा मात्रै प्राङ्गारिक मल उत्पादन गर्ने कम्पनी तीनवटा छन्।

कृषि ज्ञान केन्द्रका प्रमुख कुशवाहाले सीमावर्ती बजारमा नक्कली प्राङ्गारिक मलको कारणले जनताको आकर्षण बढ्न नसकिरहेको बताउनुभयो । "सीमावर्ती बजारमा नक्कली प्राङ्गारिक मलको छ्याप्पछ्याप्ती पाउने गरेकाले पनि कृषकमा अझै पनि प्राङ्गारिक मलप्रति आकर्षण बढाउन सकिरहेका छैनौँ", उहाँले भन्नुभयो।

कृषि ज्ञान केन्द्र पर्साका अनुसार आव २०७८/७९ मा पर्सा जिल्लामा १६ हजार नौ सय ६७ मेट्रिक टन रासायनिक मलको प्रयोग भएको थियो। केन्द्रका अनुसार सो वर्ष युरिया मल १० हजार ९० मेट्रिक टन, डिएपी छ हजार ९६ मेट्रिक टन, पोटास दुई सय ७५ मेट्रिक टन प्रयोग गरिएको छ । सिंगल सुपरफास्फेट पाँच सय ३ मेट्रिक टन प्रयोग भएको थियो।

पर्सा जिल्लामा सबैभन्दा धेरै उत्पादन हुने बालीमा धान पर्छ। आव २०७८/७९ मा पर्सामा ४७ हजार एक सय ३० हेक्टर क्षेत्रफलमा धान रोपिएको थियो । यसबाट दुई लाख ३३ हजार एक सय ३५ मेट्रिक टन उत्पादन भएको छ। साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले वैशाख मसान्तसम्मको लागि छ सय ७१ मेट्रिक टन युरिया मल बिक्री गरेको छ। कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्जका अनुसार चालु आव २०८०/८१ को वैशाख मसान्तसम्मको अवधिमा चार हजार छ सय ८९ मेट्रिक टन युरिया मल बिक्री गरेको छ। रासस

# मेड इन नेपाल हुण्डाइ भेन्युको विक्री वितरण सुरु




**टुडे समाचारदाता**

काठमाण्डु । नेपालका लागि हुण्डाइ मोटर क्म्पनीको आधिकारीक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा. लि. ले आफ्नो भगिनी संस्था लक्ष्मी मोटर कर्पोरेसन (एलएमसी) बाट नेपालमा नै हुण्डाई भेन्यु को व्यवसायिक उत्पादन गरी विक्री वितरण सुरु गरेको छ।

लक्ष्मी मोटर कर्पोरेसन,नेपालमा लक्ष्मी ग्रुपको लगानी तथा हुण्डाइ मोटर कम्पनीसँगको प्राविधिक सहकार्यमा स्थापना भएको हो । लक्ष्मी मोटर कर्पोरेसनले पहिलो पटक नेपालमा हुण्डाइ भेन्यु मोडल उत्पादन गर्ने र यसको बनावट, गुणस्तर, पर्फमेन्स लगायतका गुणहरु हुण्डाइ मोटर कम्पनी, कोरिया वा इन्डिया मा बन्ने सोही मोडलका गाडिहरु सरह कै हुने कम्पनीले दाबी गरेको छ।

स्वदेशमा नै उत्पादन गरी देशको औद्योगिकरण, आयात प्रतिस्थापन, रोजगारी सृजना, आन्तरिक राजस्वमा वृद्धि, शीप तथा प्रविधि विकास, सहायक उद्योगको स्थापना, आन्तरिक श्रोत तथा विद्युतको खपत, कुल गृहश्थ उत्पादनमा योगदानका साथ साथै उपभोक्तालाई सहुलियत मूल्यमा सवारी साधन उपलब्ध गराउने उद्देश्य रहेको कम्पनीले जानकारी गराएको छ।

प्रथम चरणमा हुण्डाइ भेन्यु का दुई भेरिएन्ट उत्पादन गर्ने र क्रमशः केहि समय भित्र नै थप अरु भेरिएन्टहरुको उत्पादन पनि बढाउँदै जाने कम्पनीको योजना रहेको र यसै आर्थिक वर्षभित्र हुण्डाइ ग्रेण्ड आइ टेन एनआइओएस का साथै अल न्यु हुण्डाइ क्रेटा को उत्पादन पनि सुरु हुने जनाएको छ।

# रूग्ण उद्योग पुनःसञ्चालनका लागि व्यवस्थित अध्ययन गरौँः प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विगतमा सरकारी स्वामित्वमा रहेका रूग्ण उद्योग पुनःसञ्चालनको सम्भाव्यताबारे व्यवस्थित अध्ययन गर्नुपर्ने बताउनुभएको छ।

बिहीबार दिउँसो प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा भएको छलफलमा प्रधानमन्त्रीले सो कुरा बताउनुभएको हो । छलफलमा प्रधानमन्त्रीले विगतमा उदारीकरणका नाममा राष्ट्रिय उद्योग धराशायी भएको बताउँदै ती उद्योग पुनःसञ्चालन गर्न सकिने सम्भाव्यताका लागि व्यवस्थित अध्ययन जरूरी भएकामा जोड दिनुभएको हो।

प्रधानमन्त्रीले भन्नुभयो, "विगतमा राष्ट्रिय उद्योग चलाउनुपर्छ भन्ने जनअभिमत छ। ती उद्योगमध्ये केही उद्योग पुनःसञ्चालन गर्न सकिने सम्भावना पनि छ । हामीले नीति तथा कार्यक्रम र बजेटमा पनि त्यो कुरा राखेका छौँ । त्यसैले कुन-कुन उद्योग पुनःसञ्चालन गर्न सकिन्छ, त्यसको व्यवस्थित अध्ययन गरौँ । अध्ययनको निष्कर्षका आधारमा अगाडि बढौँ।"

प्रधानमन्त्रीले सार्वजनिक निजी साझेदारीको मोडेलमा उद्योग पुनःसञ्चालन गर्ने नीतिमा राज्यका सबै निकाय प्रष्ट हुनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "विगतको जस्तै ढाँचा र ढर्रामा उद्योगको पुनःसञ्चालन हुन सक्दैनन् । सार्वजनिक निजी साझेदारीको मोडेल नै ती उद्योग सञ्चालन गर्ने मोडेल हो। बुटवल धागो कारखाना, गोरखकाली रबर उद्योगलगायत उद्योगको सम्भाव्यता बलियो छ। त्यसैले व्यवस्थित अध्ययन गरी जमिनको स्वामित्व सरकारसँग रहनेगरी साझेदारीको मोडेल तयार गरौँ।"

छलफलमा अर्थमन्त्री वर्षमान पुन, उद्योगमन्त्री दामोदर भण्डारी, मुख्य सचिव डा वैकुण्ठ अर्याल, अर्थसचिव मधुकुमार मरासिनी, उद्योग सचिव कृष्ण राउतलगायत हुनुहुन्थ्यो। रासस

# स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन माग

काठमाण्डु । सांसदहरुले मुलुकको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन माग गर्नुभएको छ । प्रतिनिधिसभाको बिहीबारको बैठकमा विभिन्न मन्त्रालयगत विनियोजन विधेयक, २०८१ माथि भएको छलफलका क्रममा उहाँहरुले गरिब तथा विपन्न वर्गलाई निःशुल्क स्वास्थ्य उपचारको सुविधा हुनुपर्नेमा जोड दिनुभयो।

सांसद अच्युतप्रसाद मैनालीले स्वास्थ्यसम्बन्धी सेवा प्रवाह प्रभावकारी हुनुपर्नेमा जोड दिनुभयो। "स्वास्थ्य बीमाका कार्यक्रम प्रभावकारी हुन सकेका छैनन् धेरै बिरामीलाई कुन अस्पताल जाने भन्नेमा पनि अन्योल रहेको छ। दक्ष जनशक्तिको पनि अभाव छ," उहाँले भन्नुभयो, "सरकारी अस्पताललाई प्रभावकारी बनाउन ध्यान दिनुपर्छ, विभिन्न जिल्लाका अस्पतालमा चिकित्सक जान नै नमान्ने प्रचलन छ यस्ता समस्या समाधान हुनुपर्छ। उहाँले ५८ प्रकारका औषधि निःशुल्क वितरणको पनि माग गर्नुभयो । साथै मृगौलाका बिरामीलाई सहज हुने स्थानमा डायलासिस सेवा विस्तार गर्नु आवश्यक रहेको उहाँको भनाइ थियो।

सांसद मैनालीले सहकारीहरुलाई नियमन गर्नुपर्नेमा पनि जोड दिनुभयो । "सहकारीबाट ऋण लिएर तिर्नुपर्दैन भन्दै हिँड्ने व्यक्ति र सहकारीको रकम अपचलन गर्नेलाई कारबाहीको दायरामा ल्याउनुपर्छ", उहाँले भन्नुभयो।

सांसद माधव सापकोटाले स्वास्थ्य मन्त्रालयले प्रदेशहरुमा स्वास्थ्य संस्था विकास गर्नुपर्नेमा जोड दिँदै एयर एम्बुलेसको व्यवस्था पनि हुनुपर्ने माग गर्नुभयो । "सर्वसाधरणहरुले पालो कुर्दा समेत जटिल रोग लागेका बिरामीको पालो आउँदैन, मन्त्री र सांसदले फोन गरेमा मात्रै आइसियू पाउने व्यवस्था छ", उहाँले भन्नुभयो, "स्वास्थ्य मन्त्रालयले स्वास्थ्य समस्यालाई गम्भीरतापूर्वक लिनुपर्छ।"

सांसद गणेश पराजुलीले मुलुकले औद्योगिक क्रान्ति हासिल गर्ने नीति अनुसरण गर्न नसकेको भन्दै औद्योगिकरणमार्फत मुलुकको आर्थिक विकासमा जोड दिन आवश्यता औंल्याउनुभयो। "आयात प्रतिस्थापन गर्दै निर्यात प्रवर्द्धन गर्नुपर्छ, नेपालमा बनेको उत्पादनलाई विदेशी बजारमा निर्यात गर्नुपर्छ", उहाँले भन्नुभयो, "राज्यका धेरै लगानी भएका उद्योगलाई कसरी चलाउने भन्नेमा ध्यान दिन सके मुलुकको आर्थिक समृद्धिमा सहयोग पुग्ने छ ।" नवप्रवर्तनसम्बन्धी नीतिले युवामा उत्साह छाएको भन्दै उहाँले परिणाममुखी कार्यान्वयनमा जोड दिनुभयो।

सांसद मेटमणी चौधरीले मूल्यवान जडीबुटी प्रवर्द्धन गर्न सके आर्थिक विकासमा टेवा पुग्ने भन्दै खाली रहेको जमिनको सदुपयोग गर्दै जडीबुटी खेती प्रवर्द्धन गर्न आवश्यक रहेको बताउनुभयो। "हिमाली क्षेत्रको पर्यापर्यटन विकास गर्न सकेमा तराईमा कृषि उब्जनी बढाउने गरी नीति बनाउन आवश्यक छ", उहाँले भन्नुभयो।

सांसद रञ्जुकमारी झाले रुग्ण अवस्थामा रहेका उद्योगहरुलाई सञ्चालन गरेर रोजगारी सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो । "सरकारको जग्गालाई व्यवस्थित गर्नुपर्छ, गुठी समस्या समाधान गर्न जरुरी छ", उहाँले भन्नुभयो, "भूसम्बन्धी नीति छिटो ल्याउनुपर्छ ।" मधेस प्रदेश शिक्षा र स्वास्थ्यको हिसाबले पछाडि परेकाले सरकारले गम्भीर रुपमा लिनुपर्ने भन्दै मधेस प्रदेशमा बर्न अस्पताल निर्माण गर्नुपर्नेमा उहाँको जोड थियो। रासस

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता। |
| बृष | : शिक्षामा उन्नति। |
| मिथून | : पारिवाहिक सुख। |
| कर्कट | : धन वृद्धि सञ्चय। |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख। |
| कन्या | : सुख समृद्धि हुने। |
| तुला | : भ्रमण अवसर हुने। |
| वृश्चिक | : अवसर प्राप्त। |
| धनु | : वाद विवादबाट बच्नु। |
| मकर | : पुरस्कार प्राप्त लाभ। |
| कुम्भ | : नयाँ कार्य हुने। |
| मीन | : बौद्धिक क्षमता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महोत्तरी जिल्लाको **सम्सी गाउपालिकालाई** पूर्ण खोप घोषणा भएको कार्यक्रममा मन्तव्य राख्दै गाँउपालिका अध्यक्ष रामनाथ यादव । *तस्बिर : रासस*

# महिलाहरु एकजुट हुनुपर्नेमा उपप्रमुख साहको जोड

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला बिहारी नगरपालिकाकी उपप्रमुख शोभा देवी साहले छरिएर रहेका महिलाहरु आफ्नो अधिकारका लागि एकजुट भएर अघि बढ्नु पर्ने आवश्यकता रहेको औल्याएकी छन् ।



मिथिला बिहारी नगरपालिकाको ठेरामा बिहीबार भएको अभिमुखिकरण तथा महिला अधिकार मञ्च गठन कार्यक्रममा उपप्रमुख साहले हरेक स्थानीय तहमा महिलाको नाममा विभिन्न किसिमका अवसरसहितको बजेट छुट्याइए पनि सो बजेटमाथि पुरुषको एकाधिकारका कारण पहुँचभन्दा टाढा रहने गरेका महिलाहरु अवसरबाट वञ्चित हुने गरेको बताइन् ।

उनले आफ्नो हक अधिकार र इच्छाइएको काम रोज्नका लागि भए पनि महिलाहरु एकजुट हुनुपर्नेमा जोड दिइन् । समाज उत्थान युवा केन्द्रको आयोजनामा भएको पालिकास्तरीय महिलाहरुको भेलाबाट सीता साह अध्यक्षतामा १५ सदस्यीय समिति गठन गरिएको छ । जसमा उपाध्यक्ष ज्योती कुमारी राउत, सचिव मञ्जु कुमारी यादव, सहसचिवमा अंशु यादव र कोषाध्यक्षमा बबिता देवी साहलगायतका रहेकी छन् ।

# इन्फिनिक्स जीटी २० प्रो: पब्जी मोबाइल सुपर लिगको आधिकारिक फोनको नयाँ उचाइ

**टुडे समाचारदाता**

काठमाण्डु । युवा उपभोक्ताहरूका लागि तयार पारिएको ईन्फिनिक्सले हालै विश्वव्यापी रूपमा इन्फिनिक्स जीटी २० प्रो लन्च गरेको छ र नेपालमा पनि चाँडै लन्च गर्ने भएको छ।




सो इन्फिनिक्सको डुअल चिप्ससहितको पहिलो फ्ल्यागशिप एस्पोर्ट्स-स्तरको फोन रहेको छ । दक्षिण एशिया क्षेत्रहरूमा प्रतिष्ठित पब्जी मोबाइल सुपर लिग (पीएमएसएल) को लागि आधिकारिक गेमिङ फोनको रूपमा, ईन्फिनिक्सले मोबाइल गेमरहरूलाई अतुलनीय गेमिङ अनुभवहरूका लागि आवश्यक उपकरणहरू प्रदान गर्दै आएको छ।

लाइभ प्रतियोगिता मे २२ देखि जुन १५ सम्म काठमाडौं, नेपालमा हुने छ।

इन्फिनिक्सको उत्पादन प्रमुख वेइगी नाइलेले आफ्नो उत्साह व्यक्त गर्दै भने, 'पीएमएसएल, ईएमईए र सीएसएको हालको सिजनले विश्वव्यापी गेमरहरूको ध्यानाकर्षण गराएको छ । ईन्फिनिसक्स जीटी २० प्रोको असाधारण प्रदर्शनले खेलाडीहरूलाई नयाँ उचाइमा पुर्याएको छ । हामी यो घोषणा गर्न पाउँदा रोमाञ्चित छौं भने इन्फिनिसक्स जीटी २० प्रो १२० एफपीएसमा पब्जी मोबाइललाई समर्थन गर्ने विश्वभरका स्मार्टफोनहरू मध्ये एक हो, जसले गेमरहरूलाई असाधारण र इमर्सिभ मोबाइल गेमिङ अनुभव प्रदान गर्छ।'

इन्फिनिसक्स जीटी २० प्रो पब्जी मोबाइल संस्करणलाई पीएमएसएल, ईएमईए र सीएसएको लागि आधिकारिक गेमिङ फोनको रूपमा तोकिएको छ। यसले आधिकारिक मान्यता प्राप्त गर्नु अघि, इन्फिनिसक्सले इन्फिनिसक्स जीटी २० प्रोमा तीन राउण्ड परीक्षणहरू सञ्चालनसमेत गरेको छ।

> ईन्फिनिक्स जीटी २० प्रो अब विश्व र उदीयमान बजारहरुमा विशेष रूपमा उपलब्ध छ, जसमा मेका ब्लू, मेचा ओरेन्ज र मेचा सिल्भर जस्ता मनमोहक रंगहरु छन् ।

पहिलो राउण्ड, प्रयोगशालामा गरिएको, प्रतिस्पर्धात्मक उपकरणको आधारभूत कार्यसम्पादन मूल्यांकन गरेको छ। दोस्रो राउण्डमा तनाव परीक्षण, खेलको वातावरणको अनुकरण गर्ने र खेलाडीको प्रतिक्रियामा आधारित दुवै मात्रात्मक र गुणात्मक पक्षहरूको मूल्याङ्कन समावेश थियो । तेस्रो राउन्डमा, पेशेवर खेलाडीहरूलाई फोनको कूलिङ प्रणाली र अन्य कार्यहरू पूर्ण परिदृश्य सेटिङमा परीक्षण गर्न आमन्त्रण समेत गरेको थियो ।

कठोर परीक्षणबाट गुज्रिएपछि, इन्फिनिसक्स जीटी २० प्रोले आफ्नो क्षमता प्रदर्शन गर्‍यो र पीएमएसएल, ईएमईए र सीएसएको लागि समर्पित एस्पोर्ट्स-स्तर स्मार्टफोनको रूपमा स्थापित गर्यो । यसका अतिरिक्त, इन्फिनिसक्स जीटी २० प्रोलाई अन्य प्रमुख मोबाइल गेमिङप्रतियोगिताहरू जस्तै मोबाइल लिजेन्ड्स : ब्याङ्ग ब्याङ्ग (एमएलबीबी) र अनर अफ किङ्गस् (एचओके) मा पनि प्रस्तुत गरेको छ।

इन्फिनिक्स जीटी २० प्रोले प्रतिद्वन्द्वी फ्ल्यागशिप स्न्यापड्रागन प्रोसेसरहरू, एस्पोर्ट्स-स्तर प्रदर्शन र दृश्यात्मक रूपमा आश्चर्यजनक अनुभवहरू प्रदान गर्ने डुअल चिपहरू प्रदान गरेर आफ्नो मूल्य दायरामा आफूलाई अलग राख्छ। यो ईन्फिनिक्सबाट पहिलो आईआरएक्स प्रमाणित स्मार्टफोन रहेको छ, यसले खेलाडीहरूलाई थप इमर्सिभ गेमिङ अनुभवको ग्यारेन्टी दिन्छ।

यस फोनको स्थिर फ्रेम-दर इन्जिनले प्रभावकारी पावर खपत, इष्टतम रेन्डरिङ दक्षता, गेमिङको समयमा स्मार्ट कूलिङ, सहज भिजुअलहरू, र द्रुत नेटवर्क कार्यसम्पादन सुनिश्चित गर्दछ, सबैले एक असाधारण र प्रभावकारी गेमिङ अनुभवमा योगदान पुर्‍याउने छ । ठूलो ग्रेफाइट पाना र ख्त्र्ऋ लिक्विड कूलिङ प्रणाली सहित परिष्कृत शीतल क्षमताहरूले तातो अपव्यय दक्षतालाई थप सुधार गर्छ।

पेशेवर गेमिङका लागि डिजाइन गरिएको, ईन्फिनिक्स जीटी २० प्रोले बेजेल-लेस १४४ हर्ज एफएचडी प्लस एमोएलईडी डिस्प्ले र जेबीएलद्वारा ध्वनि सहितको डुअल स्पिकरहरू प्रदान गर्दछ, जसले गेमरहरूलाई इमर्सिभ अडियोभिजुअल अनुभव प्रदान गर्दछ।

क्लीन एण्ड प्युर ओएस २.० सँग, फोनले अनावश्यक सफ्टवेयरबाट मुक्त, निर्बाध र निर्बाध गेमिङ वातावरण प्रदान गर्दछ। हाइपर चार्ज मोड, ५००० एमएएच ब्याट्री र ४५ वाट फास्ट चार्जिंग द्वारा समर्थित, लामो प्रतीक्षा अवधि बिना विस्तारित प्लेटाइम सुनिश्चितता रहेको छ।

इन्फिनिक्स जीटी २० प्रोले डायनामिक, उच्च प्रदर्शन सौन्दर्यशास्त्रको लागि एक अद्वितीय टर्बाइन ब्लेड ढाँचाको साथ धातु, शक्ति र गतिको ईन्फिनिक्स जीटी भावना कैद गर्दै साइबर मेका डिजाइन प्रदर्शन गर्दछ।

यसको मेचा लूप एलईडी इन्टरफेसले आठ रङ संयोजन र चार प्रकाश प्रभावहरूसहित व्यापक अनुकूलन प्रदान गर्दछ, जसले गेमरहरूलाई उनीहरूको उपकरणलाई व्यापक रूपमा निजीकृत गर्न अनुमति दिने छ।

मौरीको जटिल संरचनाबाट प्रेरित भएर, बाहिरी डिजाइनले आधुनिक गेमिङको जीवन्त सौन्दर्यशास्त्रसँग पङ्क्तिबद्ध गर्छ, यसले प्रदर्शन र शैली खोज्ने गेमरहरूको लागि उत्कृष्ट विकल्प बनाउने छ। त्यस्तै इन्फिनिक्स १० प्रोबाट सुरु भएको र ईन्फिनिक्स जीटी २० प्रोमार्फत विकसित हुँदै, दैनिक जीवनमा गेमिङको शक्तिलाई एकीकृत गर्ने दृष्टिकोणबाट ईस्पोर्ट्स्मा ईन्फिनिक्सको ध्यान केन्द्रित भएको छ।

अगाडि हेर्दै, इन्फिनिक्सले भर्खरै लन्च गरिएको इन्फिनिक्स जीटी बुक एनभिडिया सँगको सहकार्यमा विकसित गरिएको ल्यापटपसँग अत्याधुनिक प्राविधिक अनुभवहरू प्रदान गर्दै एक व्यापक गेमिङ इकोसिस्टम सिर्जना गर्ने लक्ष्य राखेको छ।

यसले उन्नत सीपीयु र जीपीयु टेक्नोलोजी, उत्कृष्ट कूलिङ, र उच्च रिफ्रेस-रेट डिस्प्लेहरू समेट्छ, यी सबै ईन्फिनिक्स जीटी परिवारको नवीन भावनाको प्रतीक हुने डिजाइनमा समेटिएका छन् । ईन्फिनिक्सको गेमिङ इकोसिस्टमको यो विस्तार उद्योगमा अभूतपूर्व छ।

ईन्फिनिक्स जीटी २० प्रो अब विश्व र उदीयमान बजारहरूमा विशेष रूपमा उपलब्ध छ, जसमा मेका ब्लू, मेचा ओरेन्ज र मेचा सिल्भर जस्ता मनमोहक रंगहरू छन् । १२ + २५६ जीबी र ८ + २५६ जीबीको उदार मेमोरी कन्फिगरेसनको साथ, यो शक्तिशाली स्मार्टफोनले तपाईका सबै डिजिटल आवश्यकताहरू पूरा गर्न पर्याप्त भण्डारण ठाउँ प्रदान गर्दछ । सही मूल्य निर्धारण जानकारीको लागि, कृपया क्षेत्रीय र देश-विशिष्ट प्रक्षेपणहरू हेर्न सकिन्छ।

इन्फिनिक्स मोबिलिटी एक उदीयमान टेक्नोलोजी ब्रान्ड हो जसले २०१३ मा स्थापना भएको ईन्फिनिक्स ब्रान्ड अन्तर्गत विश्वव्यापी उपकरणहरूको विस्तारित पोर्टफोलियो डिजाइन, निर्माण र मार्केटिङ गर्छ।

युवा उपभोक्ताहरूलाई लक्षित गर्दै, इन्फिनिक्स सावधानीपूर्वक डिजाइन गरिएका मोबाइल उपकरणहरूमा समाहित अत्याधुनिक प्रविधिको विकासमा केन्द्रित छ जसले परिष्कृत प्रदान गर्दछ । शैली, शक्ति र प्रदर्शन । इन्फिनिक्स यन्त्रहरू प्रचलनमा रहेका छन् र प्रत्येक पाइला अगाडीको अन्तिम प्रयोगकर्तासँग प्राप्य हुन्छन् ।

# श्रीलङ्काका राष्ट्रपति र सार्क महासचिवबीच भेटवार्ता

काठमाण्डु । परिचयात्मक परामर्श भ्रमणमा रहनुभएका दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) का महासचिव गुलाम सरवारले श्रीलङ्काका राष्ट्रपति रनिल विक्रमासिङ्घेसँग कोलम्बोमा शिष्टाचार भेट गर्नुभएको छ।

त्यस अवसरमा महासचिव सरवारले स्थापनाकालदेखि नै सार्क प्रक्रियालाई श्रीलङ्काबाट निरन्तर सहयोग भएकामा त्यसको सराहना गर्दै सङ्गठनलाई थप सुदृढ बनाउन श्रीलङ्काबाट सहयोग र मार्गदर्शन प्राप्त हुने विश्वास व्यक्त गर्नुभएको सार्क सचिवालयले जनाएको छ।

महासचिवले श्रीलङ्काका राष्ट्रपतिलाई सार्कका वर्तमान गतिविधि र यसका चुनौतीहरूबारे अवगत गराउँदै सार्क प्रक्रियालाई पुनः सशक्त बनाउन श्रीलङ्काको सहयोगको अपेक्षा गर्नुभएको थियो।

सार्क अध्यक्ष नेपालसँगको परामर्शमा शिखर सम्मेलनलगायत अन्य उच्चस्तरीय बैठक यथाशीघ्र हुनेमा आफू विश्वस्त रहेको महासचिवले बताउनुभयो।

सार्क क्षेत्रका जनताको आशा र आकाङ्क्षालाई मूर्तरूप दिनुपर्नेमा जोड दिँदै राष्ट्रपति विक्रमासिङ्घेले सार्क प्रक्रियालाई पुनरुत्थानका निम्ति थप कदम चाल्न आवश्यक भएको बताउनुभएको थियो।

उहाँले कोलम्बोमा सार्क सांस्कृतिक केन्द्र स्थापनाका लागि स्थायी स्थान उपलब्ध गराउन सहमति जनाउनुभएको सचिवालयले जारी गरेको विज्ञप्तिमा जनाइएको छ।

राष्ट्रपति विक्रमासिङ्घेले सार्कप्रति श्रीलङ्काको प्रतिबद्धता दोहोऱ्याउँदै सार्क क्षेत्रमा दिगो र एकीकृत विकास हासिल गर्न तथा सङ्गठनका लक्ष्य पूरा गर्न हरसम्भव सहयोग गर्ने प्रतिबद्धता दोहोऱ्याउनुभएको थियो। रासस

# 'तातो हावाको लहर (लू) प्रतिकार्यमा जुटौं'

काठमाण्डु। रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीको अन्तर्राष्ट्रिय महासङ्घ (आइएफआरसी)को आर्थिक एवं प्राविधिक सहयोगमा नेपाल रेडक्रस सोसाइटीले बाँकेको नेपालगञ्ज, रुपन्देहीको सिद्धार्थनगर, कैलालीको धनगढी र मोरङको विराटनगरमा तातो हावाको लहर (लू) प्रतिकार्य कार्यक्रमका गतिविधिहरू सञ्चालन गरिरहेको छ। कार्यक्रमअन्तर्गत समुदायका लूबाट बच्ने उपाय र सार्वजनिक स्थानमा खानेपानी वितरण गरिरहेको छ।

गर्मी याममा असामान्य रूपमा अत्यधिक तापक्रम बढी तातो हावा चलेको अवस्थालाई तातो हावाको लहर वा 'लू' भनिन्छ। बढी गर्मीका कारण थकान र कमजोरी महसुस हुने, चक्कर लाग्ने, बेस्सरी टाउको दुख्ने, वाकवाकी लाग्ने, हातगोडा बाउँडिने, हातगोडा वा अनुहार सुन्निने र बेहोस हुने, मुटुको धड्कन बढ्न सक्ने जनाइएको छ। साथै छाला सुक्खा र रातो हुने, पिसाबको रङ पहेँलो हुने, श्वास फेर्न गाह्रो हुने र रक्तचाप कम हुने, एक सय चार डिग्री फरेनहाइटभन्दा बढी ज्वरो आई बिरामी बेहोस हुने वा कोमाको लक्षण देखिन सक्छ।

सीमान्तकृत समुदाय लक्षित गरी लू सम्बन्धी जनचेतनाका गतिविधिहरू सञ्चालन भइरहेको यहाँस्थित आइएफआरसीले जनाएको छ। 'हिट एक्सन डे'अर्थात् तातो हावा लू दिवस अवसरमा बुधबार आयोजित कार्यक्रममा आइएफआरसीका प्रमुख अजमद उल्लाले तातो हावा लूबाट प्रभावित नेपालको मधेस तराईका जिल्लामा नेपाल रेडक्रस सोसाइटी र आइएफआरसीका साझेदार राष्ट्रिय सोसाइटीहरूको सहकार्यमा प्रतिकार्य र न्यूनीकरणका गतिविधि सञ्चालन भइरहेको जानकारी दिनुभयो।रासस

# बारा जिल्ला फुटबल लिगको उपाधी नव जनजागृतिलाई

**टुडे समाचारदाता**

कलैय । बारा जिल्ला फुटबल लिगको उपाधी नव जनजागृति युवा क्लब सिमराले उचालेको छ।



कोल्हबीमा भएको फाइनल खेलमा निजगढ युथ क्लबलाई सडन डेथमा पराजित गर्दै नव जनजागृति बारा जिल्ला 'च्याम्पियन' को उपाधि जितेको छ।

निर्धारित समयमा दुवै टिमले गोलरहित बराबरी खेलेपछि खेल टाईब्रेकरमा धकेलिएको थियो । टाईब्रेकरमा समेत ३-३ को बराबरी भएपछि नव जनजागृतिले सडन डेथमा जित निकालेको छ । उपाधी बिजेता नव जनजागृतिले ५० हजार र उपविजेता निजगढले २५ हजार नगद ,शिल्ड र मेडल प्राप्त गरेको छ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी नव जनजागृतिका कौशुव श्रेष्ठ घोषित भएका छन् । यसैगरी प्रतियोगिताको सर्वाधिक गोलकर्ता नव जनजागृतिका अन्जन बछार र उत्कृष्ट गोलरक्षक निजगढका जयाराम चौधरी घोषित भएका छन् ।

बारा जिल्ला फूटबल संघको आयोजना र जनशक्ति युवा क्लबको व्यवस्थापनमा जेठ १९ गतेदेखि सुरु भएको प्रतियोगितामा बाराको ए डिभिजनका १२ क्लबको सहभागिता रहेको थियो। एन्फाको कार्यक्रम अन्तर्गत आयोजना हुने जिल्ला लिग यसपटक चार वर्षपछि भएको हो ।


जिल्ला लिग विजेता नव जनजागृति क्लबले अब प्रदेश लिगमा सहभागिता जनाउनेछ ।उपाधी विजेता तथा उपविजेता टिम र खेलाडीलाई अखिल नेपाल फूटबल संघ (एन्फा) का उपाध्यक्ष दावा लामा, कोल्हबी नगरपालिकाका नगर प्रमुख रामप्रसाद चौधरी, मधेस प्रदेश फूटबल संघका अध्यक्ष नेपाल कार्की, बारा जिल्ला फूटबल संघका अध्यक्ष रामचन्द्र लामालगायतले पुरस्कार वितरण गरेका थिए।

## जिल्ला प्रशासन कार्यालय, धनुषा द्वारा जारी सूचना

उप्रान्त जिल्ला धनुषा तुलसियाही जब्दी गा.वि.स.वडा नं.६ हाल मुखियापट्टी मुसहरनिया गाउँपालिका वडा नं.३ बस्ने लक्ष्मी यादवको छोरा दिपेश कुमार यादवले अंगीकृत नागरिकता प्रमाण पत्र पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा दिपेश कुमार यादवको पिता लक्ष्मी यादव हो, होइन् ? निजलाई अंगीकृत नागरिकता प्रमाण पत्र दिएमा फरक पर्ने छ, छैन् ? सो सम्बन्धी निज विरुद्ध कुनै प्रमाण भए सो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा पेश गर्नु हुन सर्वसधारणको जानकारीको लागि सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

आउनुहोस ! पुण्यको भागी बन्नुहोस !!
शिव गंगा टुर्स एण्ड ट्राभल्सद्वारा संचालित
यही मिति २०८१/०२/१९ गते शनिवारका दिन
२×२ लक्जरी भिडियोकोच बस खुल्ने गइरहेको छ ।
विशेष यात्रा
थालेवाली माई, नैमिसारण, बनारस, काशी विश्वनाथ ज्योतीलिंग, विन्ध्याचल माई, अष्ठभुजी दुर्गा माता, प्रयागराज संगम स्नान, चित्रकोट चारधाम, राम घाट, सतिअन्सुइया, गुप्त गोदावरी, मन्दाकनी, कामतगरी, तुल्सीदास घाट, गुप्तेश्वर गंगा, बागेश्वर बालाजी धाम, विन्दावन, गोकुल, मथुरा, गोबरधन, वरसाना, नन्दगाउँ, श्री शनि देव मन्दिर अयोध्याधाम, गोरखपुर, गोरखनाथ दर्शन पुजा गर्दै जनकपुरधाम सम्मको ९ दिनको यात्राको लागि प्रति व्यक्ति रु. ७,५००।- भारु (दुई छाक भोजन समेत) भाडा लाग्ने जानकारी गराईन्छ ।
सम्पर्क

प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ८२७१०८६९९३ (भारत)




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# गैर लोकतान्त्रिक अभ्यास

मधेश प्रदेशमा जनमत पार्टीको नेतृत्वमा एमाले, माओवादी केन्द्र , नेकपा एस, नागरिक उन्मुक्ती पार्टी र नेपाल संघीय समाजवादी पार्टी सम्मिलित सरकार छ । सरकार गठन भएको हप्तादिन भएको छ । सरकारले हाल सम्म प्रदेश सभामा विश्वासको मत लिएको छैन् । बहुमत सभासदको हस्ताक्षरसहित सतीशकुमार सिंह मधेश प्रदेशको मुख्यमन्त्री नियुक्त भएका छन् । उनलाई प्रदेश सभाको ५५ जना सभासदले समर्थन गरेका छन् । बहुमतका लागि ५४ जना सभासद भए पुग्छ । उनी प्रदेश प्रमुखलाई ५५ जना सभासदको हस्ताक्षर बुझाएर मुख्यमन्त्री नियुक्त भएका छन् । तर उनलाई प्रदेश सभाले बहुमत प्राप्त मुख्यमन्त्रीको रुपमा चिन्दैन् । लोकतान्त्रिक पद्धतिमा कुनै पनि सरकारले संसदमा पहिले बहुमत सिद्ध गर्छन् । त्यसपछि मात्र अन्य कार्यहरु अगाडि बढाउँछन् ।मधेश प्रदेशमा सरकारले पनि त्यसै गर्नु लोकतान्त्रिक विधि प्रकृया हुनेछ ।तर मुख्यमन्त्री सिंहले प्रदेश सभामा बहुमत सावित नगर्दै नीति तथा कार्यक्रम ल्याएको छ ।यो असंवैधानिक हो, होइन् कानुनविद र अदालतले व्याख्या गर्ने हो । तर लोकतान्त्रिक प्रकृया भने होइन् । लोकतन्त्रमा सरकारले संसदमा बहुमत सावित गरेपछि मात्र नीति तथा कार्यक्रम, बजेट लगायतका प्रकृयाहरुमा अगाडि बढ्छ ।संघीय सरकारलाई दिएको समर्थन जनता समाजवादी पार्टी(जसपा)नेपालले फिर्ता लिएपछि जसपा नेपाललाई विभाजन गरेर भए पनि प्रधानमन्त्री पुष्पकमल दाहालले पहिले विश्वासको मत लिए ।त्यसपछि मात्र उनले नीति तथा कार्यक्रम र बजेट ल्याएका छन् ।अन्य प्रदेशहरुमा पनि नवनियुक्त भएका मुख्यमन्त्रीहरुले पहिले विश्वासको मत लिएका छन् ।त्यसपछि मात्र सरकारको नीति तथा कार्यक्रम ल्याएर बजेट ल्याउने तयारीमा लागेका छन् ।नीति तथा कार्यक्रम जेठ मसान्त भित्र र असार १ गते प्रदेश सरकारले बजेट ल्याउनुपर्ने बाध्यात्मक व्यवस्था गरिएको छ ।तर मधेश प्रदेशमा सरकारले विश्वासको मत नै नलिई नीति तथा कार्यक्रम ल्याएको छ ।बजेट पनि विश्वासको मत लिनु अगावै ल्याउने तयारी गरेको छ ।सरकार अल्पमतमा छैन् ।तर प्रदेश सभामा विश्वासको मत प्राप्त गरिनसकेको अवस्थामा बहुमत र अल्पमतको सरकारको मापन पनि भएको छैन् ।नीति तथा कार्यक्रम र बजेट प्रदेशमा कम्तिमा १ वर्षका लागि गम्भीर असर गर्ने विषय हो । जनमत नेतृत्वको सरकारले लोकतान्त्रिक विधि र प्रकृयालाई मिचेर जाँदा गलत नजिर बन्नेछ ।त्यसकारण कानुन सम्मत ढंगले अगाडि बढ्दा सरकारलाई कुनै समस्या आउने संभावना पनि छैन् ।सरकारले गरिरहेको अभ्यास गैर लोकतान्त्रिक हो ।

# अझै घट्न सकेन उच्च मातृ मृत्युदर



डा भोला रिजाल

विश्वमा अति उच्च मातृमृत्युदर भएका मुलुकहरूमध्ये नेपाल पनि एक हो । गर्भावस्थामा, प्रसूति अवस्थामा वा गर्भावस्था अन्त भएको ४२ दिनभित्रमा कुनै पनि कारणले हुने महिलाको मृत्युलाई मातृ मृत्यु भनिन्छ । मातृ मृत्युदर उच्च रहनुको अर्थ देशको स्वास्थ्य अवस्था अझै जटिल अवस्थामा रहेको छ । स्वीट्जरल्याण्ड ०.००१ प्रतिशत रहेको छ भने नेपाल अझै तीन अङ्कको अवस्थामा छ । २०७८ को जनगणनामा मातृ मृत्युदर एक सय ३० अङ्क (प्रतिलाख जीवित जन्ममा)ले घटेर औसत सुधार देखिए पनि ग्रामीण भेगमा अवस्था दर्दनाक छ। २०६८ सालको जनगणनाअनुसार प्रतिलाख जीवित जन्ममा मातृ मृत्युदर दुई सय ८१ जना थियो । पछिल्लो जनगणनामा यो दर सुधार भएर एक सय ५१ जनामा झरेको छ।

अझै ग्रामीण तथा विपन्न समुदायका महिलाहरूको गर्भवती/सुत्केरी अवस्थामा ज्यान जाने क्रम रोकिएको छैन । एक त गर्भजाँच तथा उपचारका लागि स्वास्थ्य संस्थासम्म सहज पहुँच पुग्न सकिरहेको छैन भने अर्कोतर्फ स्वास्थ्य संस्थाहरूमा भरपर्दो स्वास्थ्य सेवा पाउन सक्ने अवस्था समेत बनिसकेको छैन । जसका कारण ग्रामीण भेगका महिलाको जीवन अझै पनि जोखिमपूर्ण छ। कतिपय घरपरिवारमा स्वास्थ्य सचेतना पुग्न सकिरहेको छैन, कतिपय अवस्थामा भइरहेका हेलचक्र्याइँले पनि गर्भवती/सुत्केरी अवस्थामा स्वास्थ्य सेवा नपाउँदा महिलाहरूको अकालमा ज्यान जाने गरेको छ । मातृ मृत्यु अध्ययन प्रतिवेदन २०७८ ले मातृ मृत्यु निम्तिनुमा स्वास्थ्य संस्थामा पुग्न नै ढिलाइ पनि एउटा कारण देखाएको छ।

औसतमा मातृ मृत्युदर घटेको देखिए पनि तराईका मुसहर, चमार, डोमलगायत दलित, जनजाति र सीमान्तकृत समुदायका गर्भवती, सुत्केरीलाई मात्रै हेर्ने हो भने ती समुदायमा मातृ मृत्यु अझै विकराल छ। मातृ मृत्युदर सहरी क्षेत्रमा घटे पनि ग्रामीण भेगमा उस्तै रहेको छ । साक्षरता दर सुधार हुँदै गए पनि स्वास्थ्य सचेतना समुदाय तहसम्म पुग्न नसक्दा बालविवाह र किशोरावस्थामै आमा बन्ने, बच्चा जन्माउने क्रममा जटिलता आउने, समयमा उपचार नपाउने कारणले मातृ मृत्युदरको जोखिम यथावत छ।

पछिल्लोपटक भएको अध्ययनअनुसार नेपालमा हुने मातृ मृत्युमध्ये सबैभन्दा धेरै लुम्बिनी प्रदेशमा भएको देखिएको छ । नेपाल मातृ मृत्यु अध्ययन प्रतिवेदन, २०७८ अनुसार देशका सात प्रदेशमध्ये लुम्बिनी प्रदेशमा मातृ मृत्युदर उच्च रहेको देखिएको हो । अध्ययन प्रतिवेदनअनुसार लुम्बिनीमा प्रति एक लाख जीवित जन्म हुँदा मातृ मृत्यु दुई सय सात रहेको छ। त्यसपछि कर्णाली प्रदेशमा एक सय ७२, गण्डकी प्रदेशमा एक सय ६१, कोशी प्रदेशमा एक सय ५७, मधेस प्रदेशमा एक सय ४०, सुदूरपश्चिम प्रदेशमा एक सय ३० र सबैभन्दा कम बागमती प्रदेशमा ९८ आमाहरूको मृत्यु भएको छ । लुम्बिनी प्रदेशका १२ जिल्लामध्ये बाँकेमा ३६, रुपन्देहीमा ३०, कपिलवस्तुमा २८, दाङमा १५, बर्दियामा १४, नवलपरासी पश्चिम र गुल्मीमा सात-सात, रोल्पा र प्युठानमा छ-छ र अर्घाखाँची र पाल्पामा चार-चारजना आमाको मृत्यु भएको यो अध्ययनले देखाएको छ । गर्भावस्थादेखि नै स्वास्थ्य ख्याल नगर्दा मातृ मृत्यु निम्त्याइरहेको छ। प्रत्येक पालिकामा १५ शय्याको अस्पताल भनेको छ, त्यहाँ दक्ष तालिम प्राप्त जनशक्ति छैनन्, जटिल डेलिभरी ह्यान्डल गर्ने र शल्यक्रिया सेवा त पुग्नै सकेको छैन। प्रसूति सेवा दिने स्वास्थ्य संस्थामा २४सै घण्टा विशेषज्ञ सेवा उपलब्ध हुनुपर्छ।

स्वास्थ्य मन्त्रालयले सन् १९९८ मा 'सुरक्षित मातृत्व' रणनीति तयार गरेदेखि नै आमा सुरक्षाको सवालमा ठोस कार्यहरू हुँदै आएको छ। गर्भावस्था, प्रश्रव र सुत्केरी अवस्थामा मृत्यु निम्त्याउन सक्ने जोखिम टार्न राष्ट्रियस्तरमा सुरक्षित मातृत्व कार्यक्रम प्रभावकारी देखिएको छ । मातृ मृत्युदरको अवस्था अन्य देशहरूमा पनि उत्तिकै जटिल रहेको देखिन्छ । संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष गरेको छ । त्यसैले देशमा विद्यमान मातृ मृत्युदरको उच्च अवस्थालाई न्यून गर्न एउटा उपाय भनेको सुरक्षित र कानुनी गर्भपतनको सुविधा दिनुपर्छ भनेर मैले १९८२ मै अभियान सुरु गरेको थिएँ। त्यतिबेला मेरो कुरालाई धेरैले राम्रो मानेका थिएनन् । मैले देशका विभिन्न ग्रामीण बस्तीहरूमा असुरक्षित ढङ्गबाट गर्भपतन गराइएका र त्यसले मातृ मृत्युदरलाई बढाएको हुँदा गर्भपतनलाई कानुनी मान्यता दिनुपर्छ भनेको थिएँ। सुरक्षित गर्भपतले मातृ मृत्युदरलाई कम गर्न सकिन्छ भन्ने मेरो ठम्याइ थियो । यसलाई ५० प्रतिशतमात्रै घटाउन सकियो भने पनि ठूलो उपलब्धि हुन सक्दछ भनेर मैले लगातार सुरक्षित गर्भपतनको कानुनी मान्यताको वकालत गर्दै रहेँ।

जे होस् १३ वर्षपछि सन् २००२ मा मुलुकी ऐनको एघारौँ संशोधन गरी सरकारले कानुन ल्यायो । गर्भावस्था समाप्त गर्नका लागि सुरक्षित विकल्पहरू भएका महिलाहरू, जसले असुरक्षित गर्भपतनसँग सम्बन्धित अनुचित मृत्युको सङ्ख्या घटाएको छ तर अहिले २८ हप्ताको पनि गर्भपतन गर्न सकिने गरी र शीघ्र व्यवस्थापन गरिनुपर्ने, सेवाको गुणस्तरमा थप पहल गरिनुपर्ने, विकासका सबै पहलमा स्वास्थ्यलाई केन्द्रविन्दुमा राखिनुपर्ने देखिन्छ।

सरकारले दिगो विकास लक्ष्यअन्तर्गत सन् २०३० सम्म मातृ मृत्युदर ७० जना प्रतिलाखमा झार्ने लक्ष्य राखेको छ । स्वास्थ्य क्षेत्रमा पाँच प्रतिशतभन्दा कम बजेट विनियोजन गरिएबाट यो लक्ष्य हासिल गर्न सम्भव छैन। समाज स्वस्थ्य नभएसम्म स्वास्थ्य बच्चा जन्माएर उचित शिक्षाको बन्दोबस्त गर्न सकिँदैन । देशका विकट ठाउँहरूमा सुलभ र गुणस्तरीय स्वास्थ्य संस्था स्थापनासँगै गर्भावस्थाको पहिचानदेखि आमार बच्चाको अवस्था थाहा पाउने जनशक्ति र उपकरणको व्यवस्था हुनु पर्दछ। त्यस्ता स्वास्थ्य संस्थामा भिडियो एक्सरे, ल्याबको व्यवस्था भएमा शिशु र आमाको स्वास्थ अवस्था जानकारी हुन्छ र समयमै सुरक्षित ढङ्गबाट बच्चा जन्माउन सकिन्छ।

सुत्केरी अवधिमा हुने मृत्युलाई मात्रै मातृ मृत्युका रूपमा हेरिएको हुँदा सुत्केरी अगावै वा भइसकेपछिको स्वास्थ्य स्थितिमा ध्यान नदिने



(युएनएफपीए)ले गत माघमा प्रकाशन गरेको 'मातृ मृत्युदरको प्रवृत्ति' अध्ययनअनुसार विश्वमा प्रत्येक दुई मिनेटमा एक आमाको मृत्यु भइरहेको छ। अर्थात् हरेक दिन झण्डै आठ सयजना आमाले अकालमा ज्यान गुमाइरहेका छन् । सन् २००० देखि २०२० सम्म मातृ मृत्युदरसम्बन्धी विश्वव्यापी उक्त अध्ययनअनुसार सन् २०२० मा मात्रै विश्वभर करिब दुई लाख ८७ हजार मातृ मृत्यु भएको उल्लेख छ।

### गर्भपतनले ल्याएर सुधार

मातृ मृत्यु अति उच्च हुनका कारणहरूमध्ये असुरक्षित गर्भपतन एउटा प्रमुख कारणको रूपमा रहेको छ । विभिन्न अध्ययन, अनुसन्धानहरूले पनि गर्भपतन र मातृ मृत्युदरबीच घनिष्ठ सम्बन्ध रहेको देखाएका छन् । अस्पतालमा आधारित एक अध्ययनबाट अस्पतालमा हुने कुल मृत्युमध्ये आधाभन्दा बढी मातृ मृत्यु गर्भपतनका कारणले हुने कानुन संशोधन गरिएको छ, त्यो आमाको स्वास्थ्यको लागि मात्र नभएर शिशुको जन्मन पाउने अधिकारको पनि ठाडो उल्लङ्घन हो । किनकि २६ हप्ताकै गर्भलाई सकुशल जन्माउन सकिन्छ।

### मातृ मृत्युदर घटाउने उपाय

सरकारको मातृ सुरक्षा योजना प्रशंसनीय छ । त्यतिले मात्र पुग्दैन । मातृ मृत्युदर घटाउन स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गर्नुपर्ने हुन्छ । पढेका मानिस बाहिर जाने क्रमले जनशक्ति अभाव भएको छ। कुनै पनि सरकारी अस्पतालमा शल्यक्रियाका लागि छ महिनाभन्दा बढी समय कुर्नुपर्ने अवस्था छ । त्यसैले मातृ मृत्युका बृहत् निर्धारकलाई उचित सम्बोधन गर्नेगरी रणनीति तथा कार्यक्रम निर्माण गर्नुपर्ने, राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत हवाई एम्बुलेन्स कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिनुपर्ने, दक्ष जनशक्तिको उचित परिपाटीको अन्त्य हुनु जरुरी छ। गर्भवतीमा जटिलता देखिए स्वास्थ्य संस्था गइहाल्ने, समयमै स्वास्थ्य संस्थामा गएर प्रसूति हुने, खानपान र आराममा ध्यान दिने हो भने मातृ मृत्यु घटाउन सहज हुने देखिन्छ। मातृ मृत्यु घटाउन स्थानीय तह र स्वास्थ्य संस्थाको भूमिका महत्तवपूर्ण रहन्छ । उचित समयमा रेफर नहुँदा गर्भवती आमाको मृत्यु हुने, शिशुको मृत्यु हुने, अस्वस्थ शिशुको जन्म हुने समस्या देखिएको छ। प्रसूति समयमा घरबाट स्वास्थ्य संस्था लैजाँदा एम्बुलेन्स खोज्दा, एउटा स्वास्थ्य संस्थाबाट अर्कोमा लग्ने क्रममा ढिलाइ हुँदा आमा र शिशुको मृत्यु हुने घटना देखिएकाले स्थानीयस्तरमै गर्भवतीलाई परीक्षण र प्रसूति हुन स्वास्थ्य संस्था लैजान चेतना प्रवाह गर्ने, शून्य होम डेलीभरी कार्यक्रम सञ्चालन गर्न सक्दछन् । (वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा रिजालसँग राससले गरेको कुराकानीमा आधारित)

# गणतन्त्रको विकासमा न्यायपालिकाको भूमिका



खिमानन्द ज्ञवाली

जनताबाट निर्वाचित राष्ट्राध्यक्षसहितको जनप्रतिनिधिहरूबाट सञ्चालन गरिने शासन पद्धतिलाई गणतन्त्र भनिन्छ। नेपालमा वि.स. २०६५ जेठ १५ गतेदेखि गणतन्त्रको स्थापना भएको हो। नेपालको संविधान २०७२ ले जनतालाई ३१ वटा मौलिक हकहरूले सुसुजित गराउँदै शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका छुट्टाछुटै कार्यहरूको निर्धारण गरेको छ । संविधानले शक्ति सन्तुलनको अवधारणासमेतलाई पालना गर्दै सरकारका एक अंगले गरेको कार्यलाई अर्को अंगले नियन्त्रण गर्दै तीन वटै अंगहरूबीच शक्तिको सन्तुलन राख्ने प्रयास गरेको छ। न्यायपालिकाले आफ्नो न्याय सम्पादनको कार्यका साथै अन्य अंगका कार्यलाई समेत नियन्त्रण गर्न सक्दछ।

### गणतन्त्र र नेपाल

नेपालको इतिहास आन्दोलन नै आन्दोलन एंव संधर्षै संघर्षले भरिएको सर्वविधितै छ । २००७ सालको आन्दोलन, २०४६ सालको जनआन्दोलन, २०६२/०६३ को जनआन्दोलनहरू आम नेपाली जनताले अधिकार प्राप्तिका लागि गरेका महत्वपूर्ण आन्दोलनहरू हुन् ।

अधिकार प्राप्तिका लागि गरिएका यी आन्दोलनमा सयौं नेपालीहरूले शाहदत प्राप्त गरेका छन्। हुनत २००७ सालदेखि नै नेपाली जनताहरू गणतन्त्रको बाटोमा आन्दोलन गरेतापनि २०६२/०६३ को आन्दोलनको परिणाम स्वरूप नेपालमा २०६५ जेठ १५ गते व्यवस्थापिका संसद्७शधलव;७शधलव;बाट राजतन्त्र हटेको र गणतन्त्र स्थापना भएको घोषणा भएको हो।

यो क्षण आम नेपाली जनताका लागि अन्त्यन्तै खुशीयाली पूर्ण र आशावादी थियो । लाखौं गरिबीले पिल्सिएका नेपाली जनताहरूले अब राज्यमा हाम्रो पनि स्थान सुरक्षित हुन्छ र हामी पनि न्याय प्राप्त गरी राज्यका सम्मानित नागरिक हुन्छौं भनी आशा गरेको यथार्थतालाई कदापी नकार्न सकिँदैन।

सबै नेपालीले ठूलो आशा गरे कि गणतन्त्रको स्थापना पश्चात सम्पूर्ण समस्याको समाधान हुन्छ। हुन पनि हो नेपालमा झरीका च्याउझैं उम्रिएका राजनीतिक दलका नेताहरूले जनतालाई यही आश्वासन बाँड्न पुगे। गणतन्त्रको स्थापनापछि राजनीतिक दलहरूले नेपाली जनताहरूलाई संविधान बने पश्चात सबै जनताहरूका समस्याहरू पूर्ण रुपमा समाधान हुन्छन र नेपालमा समानता हुन्छ। २०६४ मा भएको संविधानसभाको निर्वाचनबाट नयाँ संविधानको लेखन सम्भव नभएपछि, २०७० मा दोस्रो संविधान सभाको निर्वाचन भयो र सो संविधानस७शधलव;भाबाट संविधान लेखनको कार्य सम्पन्न भई वि.सं. २०७२ असोज ३ गतेबाट नयाँ संविधानको कार्यान्वियनसमेत भएको छ।

नयाँ संविधानबाट नेपाली जनताले बास्तवमा समानता, पूर्ण स्वतन्त्रता, सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूति, न्याय, शिक्षा, स्वास्थ्य, खाद्य, आवास, रोजगारी, विकास, सामाजिक न्याय, संवैधानिक उपचार जस्ता विविध कुराहरू जो सहज जीवनयापनका लागि अत्यावश्यक हुन्छन् त्यसको प्रत्याभूति खोजी रहेका छन् । गणतन्त्रको मर्मअनुसार राज्य सत्ता पनि स्थापना भएको छ। जनताको प्रतिनिधि राष्ट्रको सर्वोच्च पद राष्ट्राध्यक्षमा निर्वाचित भई कार्यभार सम्हाली रहेको अवस्था छ । जनप्रतिनिधिहरूबाट दुई सदनात्मक व्ययवस्थापिकाको स्थापना भएको छ।

संघीयताको माध्यमले सात प्रदेशमा व्यवस्थापिका र कार्यपालिकाको स्थापना भएको छ । ७५३ स्थानिय तहमा समेत व्यवस्थापिका र कार्यपालिका स्वरुपहरू खडा भई कार्य सञ्चालन भइरहेको अवस्था छ । समग्र रुपमा भन्दा राज्यको पूर्नसंरचना भएको छ। साथै जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालत गरी न्यायको प्रत्याभूति गर्ने तीन तहका अदालतहरू स्थापना भएका छन् । साथै अर्धन्यायिक निकायहरू र स्थानीय तहमा स्थानीय न्यायीक समितिबाट पनि न्यायिक कार्यहरू सम्पादन भइरहेको अवस्था छ।

हाल नेपालमा राज्यको पुर्नसंरचना भई राज्यमा कार्य गर्ने अंग तथा निकायहरूमा कमी छैन। तापनि नेपाली जनताहरूले राहत र न्यायको प्रत्याभूति गर्न पाएको अवस्था देखिँदैन। ठूलो आशा र भरोसाबाट स्थापना भएको गणतन्त्रले जनताहरूलाई खासै भरोसा दिन नसकेपछि हालै नेपाली जनतामा नैराश्यता छाएको छ।

गणतन्त्रमा राजनीतिक अस्थिरताको कारणले गर्दा राज्यका श्रोत साधन७शधलव;को चरम दुरुपयोग भइरहेको अवस्था विद्यमान छ । विकासका लागि योजना बनाउने, गरिबी निवारण गर्ने र सामाजिक न्याय दिलाउने कार्यमा भन्दा राजनीतिक दलहरू पद, प्रतिष्ठा र कुर्चीका लागि तँछाडमँछाड गरेको देख्दा नेपाली जनताहरू 'जुन जोगी आएपनि कानै चिरेको' भनी महसुस गर्न बाध्य छन् ।

### गणतन्त्र र न्यायपालिका

राज्यको समृद्धिमा व्यवस्थापिका र कार्यपालिकाको जे जस्तो भूमिका छ न्यायपालिकाको भूमिका पनि कमी छैन। यदि



राज्यमा न्याय मर्छ भने जनतामा नत विकासको प्रत्याभूति हुन्छ नत सामाजिक न्यायको नै । तसर्थ यस संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपालमा जनताको शान्ति सुशासन विकास र समृद्धिको आकांक्षा पुरा गर्न न्यायपालिकाको महत्वपूर्ण भूमिका रहेको कुरामा दुई मत छैन।

नेपालको न्याय सम्बन्धी अधिकार संविधान अन्य कानून र न्यायका मान्य सिद्धान्त बमोजिम अदालत न्यायिक निकायबाट प्रयोग गरिन्छ । सर्वोच्च अदालत अभिलेख अदालतको रुपमा रहेको छ भने अन्य अदालतहरू आम नागरिकलाई न्याय प्रदान गर्ने गरिरहेका छन् । नेपालमा गणतन्त्रको विकासमा न्यायपालिकाले ठूलो भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता छ।

### न्यायपालिकाको भूमिका

- मौलिक हकको प्रत्याभूतिको लागि कानून निर्माण गरी कार्यान्वयन गर्ने निर्देशनात्मक आदेश जारी गर्नुपर्ने।
- राज्यका सम्पूर्ण गतिविधिहरूमा न्यायिक सक्रियता देखाउनुपर्ने।
- सार्वजनिक सम्पतिको संरक्षणका लागि सार्वजनिक सरोकार विवादका मुद्दाहरू छिटोछरितो न्याय सम्पादन गर्नुपर्ने ।
- राज्यका नीति एवं सिद्धान्तको कार्यान्वयन७शधलव;का लागि सरकारलाई अभिप्रेरित गर्नुपर्ने।
- संवैधानिक इजलासको प्रयोगलाई प्रभावकारी बनाउनुपर्ने।
- राज्यमा बनेका कानूनहरूको अध्ययन अनुसन्धान गरी संघ ,प्रदेश र स्थानिय तहका कानूनहरूको निर्माणमा प्रभावकारीता विकास गनुपर्ने।
- राज्यका अन्य अंगहरूले गरेका गैर संवैधानिक र गैर कानूनी कार्यको न्यायिक पुनरावलोकन गरी ति अंगहरूलाई संविधान बमोजिम हिँडाउनुपर्ने।
- नेपाल न्याय सेवाका कर्मचारीहरूको र नेपाल बार अन्तर्गतका अधिवक्ताहरूको क्षमता अभिवृद्धि गर्न ठोस योजना निर्माण गर्नुपर्ने।
- सरकारी वकिल र नेपाल बार एसोसिएसनसँग सुमधुर सम्बन्ध स्थापना गरी न्यायिक प्रक्रियालाई थप प्रभावकारी बनाउनुपर्ने।
- न्यायिक प्रक्रिया अनुमानयोग्य र पारदर्शी बनाउनुपर्ने।
- फैसला कार्यान्वयनको कार्यलाई जोड दिँदै दण्ड र सजायलाई थप प्रभावकारी बनाउनुपर्ने।
- कानूनको अध्ययन र अनुसन्धानलाई थप प्रभावकारी बनाउनुपर्ने।
- न्यायाधीशको नियुक्ति प्रक्रियालाई पारदर्शी बनाई न्याय सम्पादनको कार्यलाई प्रभावकारी बनाउनुपर्ने।
- अर्धन्यायिक निकाय र स्थानीय न्यायिक समितिको कार्यलाई प्रभावकारी बनाउन अनुगमन तथा निरिक्षणको कार्य प्रभावकारी रुपमा गर्नुपर्ने
- न्याय सम्पादनको कार्यलाई शीघ्र, दक्ष, पारदर्शी र प्रभावकारी बनाउनुपर्ने।
- राज्यमा राजनीतिक स्थायित्व कायम गरी राज्यका संघीय प्रदेश र स्थानीय तहको प्रभावकारिता वृद्धि गर्नुपर्ने।
- सक्षम बार र मर्यादित कानून व्यवसायीको निर्माण तथा उत्पादनको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने।

### निष्कर्ष

यसप्रकार, संवैधानिक सर्वोच्चता, कानूनको शासन, विकास र समृद्धिलाई सर्वोपरी स्थान दिएर जारी भएको हाम्रो संविधानले संवैधानिक परिधीभित्र रहेर जनताको अभिमतद्वारा शासन पद्धति र संवैधानिक अभ्यासमा परिमार्जन गर्ने उद्देश्य अनुरुप संविधानको विकाश र नविनतम संवैधानिक विधिशास्त्रको माध्यमबाट संविधानलाई अझ मजबुत, परिपक्क र उद्देश्यमुलक बनाउन न्यायपालिकाको महत्वपूर्ण भूमिका रहने कुरामा कुनै सन्देह छैन।

भनिन्छ संविधान तत्कालिन समाजको चेतनाको प्रतिबिम्ब हो । जब तत्कालिन समाजको चेतनास्तरमा परिवर्तन आउँछ तब संवैधानिक विकास सुधार र परिमार्जनको आवश्यकताको महसुस हुन्छ । यसर्थ गणतन्त्र हालको समाजको चेतनाको स्तर हो । यस्को विकासमा न्यायपालिकाले सर्वोपरी भूमिका खेल्नु पर्दछ।

# नेतृत्वका कारण गणतान्त्रिक व्यवस्थालाई कमजोर बनाउनु हुँदैन : अध्यक्ष साह



काठमाण्डु । आम जनता पार्टीका अध्यक्ष प्रभु साहले गणतन्त्रको उपलब्धिलाई संस्थागत गर्दै समृद्धिको गतिलाई तीव्रता दिनुपर्ने बताउनुभएको छ ।

गणतन्त्र दिवस, २०८१ का अवसरमा 'गणतन्त्रका उपलब्धि : समृद्धिका लागि पूर्वाधार' शीर्षकको तस्बिर प्रदर्शनीको बिहीबार अवलोकनपछि उहाँले विश्वमै अभ्यास रहेका व्यवस्थामध्ये गणतन्त्र उत्कृष्ट शासन व्यवस्था भएको दाबीसमेत गर्नुभयो । उहाँले भन्नुभयो, "गणतन्त्रलाई विभिन्न कोणबाट बदनाम गर्ने प्रयास भइरहेकोप्रति परिवर्तनकारी शक्तिहरू सचेत रहनुपर्दछ ।"

सांसद साहले मुलुकमा समृद्धिका लागि सुशासन अपरिहार्य भएको जनाउँदै केही असफल नेतृत्वका कारण गणतन्त्र कमजोर बन्न हुँदैन भन्नुभयो ।

"गणतन्त्र सुन्दर व्यवस्था भए पनि सञ्चालकले यसलाई ठिक मार्गबाट अघि बढाउन नसक्दा जनताले जति लाभ प्राप्त गर्नुपर्ने थियो, त्यो हुन नसकेको कारण आम जनतामा केही निराशा बढेको छ", उहाँले भन्नुभयो ।

पूर्वसहरी विकासमन्त्री समेत रहनुभएका साहले गणतन्त्र उत्तम व्यवस्था भएकाले समृद्धिका लागि हालको गतिमा परिवर्तन ल्याउनु आवश्यक रहेकामा जोड दिनुभयो । रासस

# भूकम्प प्रभावित जिल्लाको अवस्थाबारे छलफल

काठमाण्डु । राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले भूकम्प प्रभावित जिल्लाको अवस्थाका बारेमा गृह मन्त्रालयलगायत सरोकार भएका निकायसँग छलफल गर्ने भएको छ ।

समितिका सदस्यहरु सम्मिलित टोली भूकम्प प्रभावित सल्यान, रुकुमपश्चिम र जाजरकोटको स्थलगत अवलोकन भ्रमण गरेर फर्केपछि बिहीबार बैठक गरी त्यहाँको अवस्थाका बारेमा छलफल गरी विस्तृत जानकारीका लागि गृह मन्त्रालयलगायत सरोकार भएका निकायलाई बोलाउने निष्कर्षमा पुगेको सभापति मायाप्रसाद शर्माले बताउनुभयो । गृह मन्त्रालयसँग समन्वय गरी चाँडै अर्को बैठक बस्ने उहाँले बताउनुभयो ।

बिहीबारको बैठकमा सांसदहरूले भूकम्प गएको सात महिना बितिसक्दा पनि अस्थायी आवास बन्न नसकेको, भूकम्प प्रभावित क्षेत्रमा खानेपानीका मूल सुकेकाले प्रभावितले दुःख पाएको, पुनःस्थापनासम्बन्धी कार्यविधिमा आएका अप्ठ्यारा समाधान हुनुपर्नेमा सांसदहरुले जोड दिनुभएको थियो । रासस

# आगलागीपीडितलाई राहत उपलब्ध गराउन माग

काठमाण्डु । प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसद रामकृष्ण यादवले तराई मधेसका विभिन्न जिल्लामा आगजनीका घटनाबाट ठूलो जनधनको क्षति भए पनि स्थानीयवासीले राहत नपाएकामा सरकारको ध्यानाकर्षण गराउनुभयो । बैठकको सुरुमा उहाँले आगजनी प्रभावितलाई राहत उपलब्ध गराउन गर्न ढिलाइ नगर्न आग्रह गर्नुभयो ।

सांसद योगेश भट्टराईले मनसुनका कारण ताप्लेजुङमा जनधन प्रभावित भएको जानकारी गराउँदै बाढी प्रभावितलाई राहतको प्रबन्ध गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले विपद्बाट जोगाउन पूर्वतयारीको कामलाई प्रभावकारी बनाउन, दक्ष जनशक्तिको व्यवस्था गर्न, यथेष्ट बजेटको प्रबन्ध गर्न माग गर्दै सुरक्षाकर्मीले स्रोत तथा साधनको अभावमा पनि उद्धार तथा राहतमा परिचालित भएकामा धन्यवाद दिनुभयो ।

सांसद भट्टराईले विपद्को पूर्वतयारी जुन स्तरमा हुनुपर्ने थियो त्यसअनुरुप हुन नसकेको भन्दै तत्काल प्रभावकारी प्रबन्ध गर्न आग्रह गर्नुभयो । उहाँले जलवायु कोषको रकम प्राप्तिका लागि पहल गर्नुपर्नेमा जोड दिनुभयो ।

सांसद ऋषिकेश पोखरेलले सामाजिक सुरक्षा भत्ताका लागि पूर्वतयारीबिना राष्ट्रिय परिचयपत्र अनिवार्य गरिँदा देशभरका ज्येष्ठ नागरिकले दुःख पाएकाले त्यसलाई सहजीकरण गर्न माग गर्नुभयो । उहाँले पूर्वतयारी नगरिँदा अपाङ्गता भएका तथा ज्येष्ठ नागरिकले दुःख पाएका उल्लेख गर्नुभयो ।

**'राष्ट्रिय परिचयपत्रको नम्बर अनिवार्य गरिदा ज्येष्ठ नागरिकले दुःख पाए'**

काठमाण्डु । प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसदहरूले राष्ट्रिय परिचयपत्र एवं पञ्जीकरण विभागले सामाजिक सुरक्षा भत्ताका लागि राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरिएकाले ज्येष्ठ नागरिक र अपाङ्गता भएका नागरिकले दुःख पाएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

बिहीबारको बैठकको शून्य समयमा सांसद विद्या भट्टराईले पूर्वतयारी नगरीकन सामाजिक सुरक्षा भत्ताका लागि परिचयपत्र नम्बर अनिवार्य गरिँदा नागरिकले हैरानी पाएकाले यसलाई तत्काल समाधान गर्न आग्रह गर्नुभयो । उहाँले वडास्तरमा निश्चित अवधि तोकेर घुम्ती शिविर सञ्चालन गर्न पनि आग्रह गर्नुभयो ।



सांसद मीना लामाले 'विपन्न नागरिक उपचार कार्यक्रम'मा सबै रोगको उपचार गर्दा रु एक लाख बराबरको राहत रकम उपलब्ध गराउने व्यवस्था गरिए पनि पछिल्ला दिनमा उक्त उपचार सुविधाको सीमा घटाइएकोप्रति गुनासो गर्नुभयो । उहाँले अर्थ मन्त्रालयसँग समन्वय गरेर आवश्यक रकमको व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

सांसद विनिताकुमारी सिंहले नेपाली युवाको सुगम रोजगारीको गन्तव्यका रूपमा परिचित खाडी क्षेत्र र मलेसियामा बीमालगायत स्वास्थ्य सुविधा नपाएकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद विश्वप्रकाश शर्माले जलवायु परिवर्तनका कारण नेपाल नराम्ररी प्रभावित भएको, बाढी पहिरो, आगजनीलगायत विपद्का घटनामा वृद्धि भएकाले स्थानीय तहलाई प्रभावकारी, सक्षम बनाउनुपर्ने बताउनुभयो ।

सांसद बिना जैसवालले बौद्धिक सम्पत्तिका सम्बन्धमा मुलुकले समयानुकूल कानुनको प्रबन्ध गर्नुपर्ने बताउनुभयो । सांसद शान्ति विकले सहकारी ठगीमा संलग्न भनिएका जीबी राईका सम्बन्धमा प्रहरीमा दर्ता भएको जाहेरी नै हराएको भन्ने विषयप्रति सरकारको गम्भिर ध्यानाकर्षण गराउनुभयो ।

सांसद शिव नेपालीले आगामी आर्थिक वर्षको बजेट विनियोजन समानुपातिक नभएको, कास्कीमा उपलब्ध गराइएको बजेट असाध्यै न्यून भएकामा गुनासो गर्नुभयो ।

सांसद शिशिर खनालले चक्रपथ विस्तारको दोस्रो चरणको काम छिटो होस् भनेर आफूले पटकपटक सदनमार्फत सरकारको ध्यानाकर्षण गराए पनि मन्त्रालयले आवश्यक जवाफ नदिएको भन्दै संसद्मा दर्ता भएको जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथि छलफल गराउन माग गर्नुभयो ।

सांसद शोभा ज्ञवालीले तराई मधेसका जिल्लामा अस्वाभाविक गर्मी भए पनि नेपाल विद्युत् प्राधिकरणले बिनासूचना बत्ती काटेकामा आपत्ति प्रकट गर्नुभयो ।

सांसद सन्तोष चालिसेले काठमाण्डु क्षेत्र नं ३ मा खानेपानीको हाहाकार रहेको, मेलम्चीको पानी प्रयोग गर्न नपाएका कारण जनजीवन प्रभावित भएकाले पानीको उचित प्रबन्ध गर्न आग्रह गर्नुभयो ।

सांसद सन्तोष परियारले नेपालको समृद्धिमा कृषि क्षेत्रको ठूलो महत्व रहेको उल्लेख गर्दै आयात प्रतिस्थापन गर्नका लागि रासायनिक मलको सहज प्रबन्ध गर्न माग गर्नुभयो ।

सांसद सरस्वती बजिमयले पहाडी जिल्लाहरूमा सङ्घीय सरकारको सहज प्रबन्ध नगरिँदा निर्माणमा रहेका कतिपय आयोजना नराम्ररी प्रभावित भएको, क्रममागत योजना कटाइएकामा गुनासो गर्नुभयो ।

सांसद सरस्वती सुब्बाले नेपाललाई कृषि दशकका रूपमा अगाडि बढाउने कार्यक्रम सकारात्मक भए पनि स्थानीयस्तरमा दक्ष जनशक्ति र बजेटको अभाव भएकाले लक्ष्य हासिल हुन नसक्ने गुनासो गर्नुभयो ।

सांसद सराज मोहम्मद फारुकीले गर्मीका कारण तराई मधेसका विभिन्न जिल्लाका विद्यार्थी समस्यामा परेका भन्दै यसप्रति सरकारले ध्यान दिन नसकेको गुनासो गर्नुभयो ।

सांसद सरिता प्रसाईंले झापादेखि सुनसरी, मोरङसम्म रेलमार्ग निर्माणका लागि जग्गा रोक्का गरिँदा स्थानीयवासीले दुःख पाएको बताउनुभयो । उहाँले दूध किसानलाई तत्काल बक्यौता रकम उपलब्ध गराउनुपर्नेमा जोड दिनुभयो ।

सांसद सुनिता बरालले सरकारी अस्पतालमा नागरिकले घण्टौंसम्म लाइन बस्ने अवस्था रहेको भन्दै काउण्टर थपेर स्वास्थ्य सेवा सहज बनाउन आग्रह गर्नुभयो । पटकपटक लाइन बस्ने अवस्थाको अन्त्य गर्न सहज प्रबन्ध गर्नुपर्ने उहाँको भनाइ छ ।

सांसद सुशीला सिर्पाली ठकुरीले स्वास्थ्य, शिक्षा मौलिक हक भनेर संविधानमा लिपिबद्ध गरिए पनि जनताले राहत पाउन नसकेको, स्वास्थ्य बीमामा सहज रूपमा औषधि पाउन नसकेको बताउनुभयो ।

सांसद सोभिता गौतमले खुम्बु क्षेत्रमा बर्सेनि भित्रने हजारौँ मानिसका कारण डम्पिङ साइटमा परिणत भएको, आरोहणका क्रममा निधन भएकाहरूको शवका कारण त्यहाँको पानी दुषित भएकाले समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सञ्जय गौतमले राष्ट्रिय निकुञ्ज नजिकका जनताले कानुनका नाममा अनावश्यक दुःख पाएकाले समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद हरि ढकालले शिक्षा दिवसमा कुनै पनि विद्याभूषण वितरण नगरेर प्राज्ञिक क्षेत्रलाई कम आकिएकामा आपत्ति प्रकट गर्नुभयो ।

सांसद हितराज पाण्डेले पुष्पलाल मध्यपहाडी खण्ड अलपत्र रहेकाले तत्काल निर्माणको प्रक्रिया अगाडि बढाउन सरकारको ध्यानार्कषण गराउनुभयो । सांसद ज्ञानेन्द्र शाहीले जुम्लाको हिमामा अज्ञात रोगका कारण भेडा मरेको भन्दै उक्त रोग पत्ता लगाई उपचारको प्रबन्ध गर्न माग गर्नुभयो ।

सांसद ज्ञानेन्द्रबहादुर कार्कीले काकडभिट्टा-सुनसरी सडकखण्ड विस्तृत परियोजना अनुरुप निर्माण अगाडि बढाउन आग्रह गर्नुभयो । सांसदहरू सुरेन्द्रराज आचार्य, हेमराज राई, हृदयराम थानी, ज्ञानु बस्नेत, सुशीला श्रेष्ठ, सूर्यकुमारी श्रेष्ठ, सूर्यप्रसाद ढकाल, सरिता भुसाल, शान्ति चौधरी, सीता मिजारले आ-आफ्नो जिल्ला र क्षेत्रका विभिन्न समस्याका बारेमा सरकारको ध्यानाकर्षण गराउनुभयो । रासस

# सामाजिक न्यायका लागि जलवायु न्यायलाई बिर्सन मिल्दैन : राष्ट्रपति पौडेल

जेनेभा । राष्ट्रपति रामचन्द्र पौडेलले सामाजिक न्यायको कुरा गरिरहँदा विश्वस्तरमा स्थापना गरिनुपर्ने जलवायु न्यायलाई बिर्सन नमिल्ने बताउनुभएको छ ।

स्वीट्जरल्याण्डको जेनेभामा सुरु भएको ११२औँ अन्तर्राष्ट्रिय श्रम सम्मेलनको उच्चस्तरीय सत्रमा आयोजना गरिएको 'सामाजिक न्यायका लागि विश्वव्यापी गठबन्धन'को बिहीबार उद्घाटन सत्रमा मुख्य वक्ताका रूपमा सम्बोधन गर्नुहुँदै उहाँले विश्व समुदाय खास गरेर विगतदेखि हालसम्मका ठूला उत्सर्जनकर्ता यो जिम्मेवारीबाट विमुख हुनु हुँदैन भन्नुभयो । "हामीले सामाजिक न्यायको कुरा गरिरहँदा विश्वस्तरमा स्थापना गरिनुपर्ने जलवायु न्यायलाई बिर्सन मिल्दैन", राष्ट्रपति पौडेलले भन्नुभयो, "जलवायु परिवर्तनका नकारात्मक असरहरूको सन्दर्भमा जलवायु जोखिममा रहेका देशहरूलाई पर्याप्त कोष र आवश्यक प्रविधि उपलब्ध गराएर जलवायु न्याय तुरुन्तै सुनिश्चित गरिनुपर्छ ।"

राष्ट्रपति पौडेलले कार्बन उत्सर्जनमा नगण्य योगदान दिए पनि नेपालले जलवायु परिवर्तनको सबैभन्दा खराब असरको सामना गरिरहेको जनाउँदै यसमा नेपालको कुनै दोष नभएको स्पष्ट पार्नुभयो ।

"पछिल्ला वर्षहरूमा संसारकै सर्वोच्च शिखर सगरमाथालगायत हाम्रा हिमालयहरू आफ्ना हिउँ गुमाउँदै काला पहाडमा परिणत हुन थालेका छन् । हिमनदीहरू अभूतपूर्व परिमाण र गतिमा पग्लिरहेका छन्", उहाँले भन्नुभयो, "जलवायु परिवर्तनले स्वच्छ पानी, बाली, जैविक विविधता र स्वास्थ्यमा गम्भीर असर पुग्नुका साथै लाखौँ मानिसलाई गरिबी र असमानतातर्फ धकेलिरहेको छ । जलवायु परिवर्तनबाट सिर्जित विपद्का कारण परिवार, समुदायको विस्थापन र जीविकोपार्जनमा हुने क्षतिले समस्या थप जटिल बनाएको छ ।"

राष्ट्रपति पौडेलले श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्न सबैलाई अपिल गर्नुभयो । श्रम जगत्‌ले नै विश्वलाई समृद्ध बनाएको उल्लेख गर्दै उहाँले श्रमबाट आएको प्रतिफलको न्यायोचित हिस्सा कामदारको हातमा पुग्ने कुरा सुनिश्चित गर्नु सबैको साझा दायित्व र सामाजिक न्याय भएको उल्लेख गर्नुभयो ।

"श्रमिकलाई समानता र न्याय कायम गराउनु हाम्रो सामूहिक सङ्कल्प पनि हो, स्वतन्त्रता र सामाजिक न्यायका लागि आफ्नो ऊर्जाशील जीवन अर्पण गरेको, १५ वर्ष जेलजीवन बिताएको एक अधिकारकर्मीका नाताले विश्वका सबै देश र समाजमा रहेका निमुखा र विपन्न नागरिकले न्यायसँगै भोक र भयबाट मुक्ति पाउनुपर्छ", राष्ट्रपति पौडेलले भन्नुभयो ।





सामाजिक न्यायका माध्यमबाट दिगो शान्ति प्राप्त गर्ने सबैको सामूहिक प्रयास बिहीबार पनि उत्तिकै सान्दर्भिक रहेको राष्ट्रपति पौडेलले बताउनुभयो । निमुखालाई न्याय र विपन्नलाई आयको व्यवस्था नभए दिगो शान्ति सम्भव नहुने उहाँको भनाइ थियो । "सामाजिक न्यायका माध्यमबाट दिगो शान्ति प्राप्त गर्ने सामूहिक प्रयास एक सय वर्षअघि जस्तै बिहीबार पनि सान्दर्भिक छ", उहाँले भन्नुभयो ।

राष्ट्रपति पौडेलले बिहीबारको श्रमबजार तीव्रगतिमा परिवर्तन भइरहेको जनाउँदै यसले नवीन सीपको, नयाँ प्रविधिको र सिर्जनशील कार्यशैलीको माग गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "औद्योगिक उत्पादन हुन् वा सेवा क्षेत्र वा सूचना प्रविधिमा आधारित बैंकिङ सेवा, यन्त्र सिकाइ र कृत्रिम बौद्धिकता किन नहुन्, सबै क्षेत्रमा परिवर्तन आएको छ, कार्य प्रकृतिमा आएको परिवर्तनको सामना गर्न थप ग्रहणशीलता र नवीन कार्यशैली आवश्यक छ ।"

राष्ट्रपति पौडेलले विश्वले विद्युतीय, दूरसेवा अर्थतन्त्रलगायत नवीन चुनौतीलाई आत्मसात् गरेकाले यी सबै क्षेत्रमा मर्यादित श्रमको कार्यसूची कार्यान्वयन गर्न प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो । "हामीले नयाँ काम, सीप र कार्यस्थलका लागि आफूलाई तयार राख्नुपर्दछ", उहाँले भन्नुभयो, "विकासमा खर्च गर्नुपर्ने ठूलो रकम घातक हतियारमा लगानी गरिएको छ, अन्तर्राष्ट्रिय समुदायले यो पथलाई उल्ट्याउनुपर्छ र समग्र मानवताको समृद्धिका लागि स्रोतहरू परिचालन गर्नुपर्छ ।"

राष्ट्रपति पौडेलले दिगो शान्ति हतियारबाट नभइ साझा समृद्धि र विश्वबन्धुत्वको भावनाबाट प्राप्त गर्न सकिने बताउनुभयो ।

सम्मेलनलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले राजतन्त्रदेखि सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्मको हाम्रो राजनीतिक यात्रामा सोही गति र अनुपातमा हामीले श्रम रोजगार र सामाजिक सुरक्षाका क्षेत्रमा पनि सामाजिक न्यायलाई परिवर्तनको केन्द्र भागमा राख्दै आएको जानकारी दिनुभयो । उहाँले नेपालको संविधानले श्रमसम्बन्धी, रोजगारी, ट्रेड युनियन गठन र सामूहिक सौदाबाजीमा सहभागी हुन पाउने हकलाई मौलिक हकका रूपमा व्यवस्था गरेको उल्लेख गर्नुभयो ।

राष्ट्रपति पौडेलले संविधानको उक्त व्यवस्था कार्यान्वयनका लागि श्रम, ट्रेड युनियन, रोजगारीको हकसम्बन्धी, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन तथा राष्ट्रिय रोजगारी नीतिजस्ता कानुनी र संस्थागत प्रबन्धहरू गरिएको पनि बताउनुभयो । उहाँले भन्नुभयो, "सबै उत्पादनशील युवा शक्तिलाई रोजगारीको व्यवस्था गर्न सकिएको छैन । आन्तरिक रोजगारी सिर्जनाको लागि 'श्रमाधान' योजनाको सुरूआत गरेका छौं ।"

वैदेशिक रोजगारीमा गएका नेपाली युवा जनशक्तिलाई सम्मानपूर्ण व्यवहार गर्न अपिल गर्दै राष्ट्रपति पौडेलले भन्नुभयो, "विकासशील मुलुकका युवाहरू कामको खोजीमा श्रम गन्तव्य मुलुकमा जाने क्रम बढ्दो छ । यस तथ्यलाई मध्यनजर गर्दै विश्वका सबै मुलुकहरूलाई म अपिल गर्न चाहन्छु कि वैदेशिक रोजगारीमा गएका श्रमिकको कामको कदर गर्दै उनीहरूलाई स्वदेशी कामदारसरह व्यवहार गरियोस् ।"

उहाँले सामाजिक न्यायका लागि विश्वव्यापी गठबन्धनमा सहभागी भई सामाजिक न्यायप्रति पुनः प्रतिबद्धता जनाउन, बहुपक्षीयताप्रति पुनःविश्वास दोहोर्‍याउन तथा सामाजिक सम्झौतालाई नवीकरण गर्न पाउँदा आफूहरू अत्यन्त उत्साहित भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "बिहीबार घोषणा भएको यो विश्वव्यापी गठबन्धन, अन्तर्राष्ट्रिय श्रम सङ्गठनको आदर्शका रूपमा रहेको सामाजिक न्याय सबैका लागि र सबै क्षेत्रमा अङ्गीकार गर्ने दिशामा हाम्रो भद्र समर्थन र साझा प्रतिबद्धता हो । रासस

# जनप्रतिनिधि र पार्टीबीचको सम्बन्ध सुमधुर हुन आवश्यक: उपसभापति खड्का

सुर्खेत । नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले जनप्रतिनिधि र पार्टीबीचको सम्बन्ध सुमधुर हुन आवश्यक रहेको बताउनुभएको छ ।

नेपाली कांग्रेस दैलेखको दोस्रो जिल्ला सम्मेलनको उद्घाटन गर्दै उहाँले पार्टीको चुनाव चिन्ह लिएर निर्वाचित भएका तीनै तहका जनप्रतिनिधि पार्टी र आफूलाई चुनाव जिताउने आम कार्यकर्ता र मतदाताप्रति उत्तरदायी नहुँदा समस्या आएको धारणा समेत राख्नुभयो उहाँको सचिवालयले जनाएको छ ।

"पार्टी विधानमै निर्वाचित जनप्रतिनिधि र सोही तहका पार्टी प्रतिनिधिबीच महिनामा एक पटक बैठक बस्ने र पार्टी र जनताको निर्देशन अनुसार जनप्रतिनिधि प्रस्तुत हुने भन्नेछ", उहाँले भन्नुभयो ।

उहाँले प्रतिकुल अवस्थामा कांग्रेसलाई बचाएर राखेका पार्टी कार्यकर्तालाई सुध्रिन जरुरी रहेको बताउनुभयो । उहाँले अहिले मुलुकमा अप्ठ्यारो परिस्थिति सृजना भएको भन्दै उक्त परिस्थितिबाट देशलाई निकास दिन कांग्रेस अगाडि बढ्न आवश्यक रहेको धारणा राख्नुभयो ।

उपसभापति खड्काले पार्टीको महासमिति बैठकमा प्रस्तुत दस्तावेजहरूमा महासमिति सदस्यहरूले दिएका सुझावलाई दस्तावेजीकरण गर्ने तयारी भइरहेको बताउँदै चाँडै बस्ने केन्द्रीय समिति बैठकले पारित गर्ने बताए । "उपसभापति, महामन्त्रीलगायतले महासमिति बैठकमा प्रस्तुत गरेका दस्तावेजमा आएका सुझावलाई समेटेर अब बस्ने केन्द्रीय समिति बैठकले पारित गर्छ", उपसभापति खड्काले भन्नुभयो, "त्यसपछि अहिले देखिएको पार्टीको नीति, विधि, परराष्ट्र नीति, आर्थिक नीतिलगायत मुलुकको समसामयिक राजनीति विषयमा पार्टीको नीति स्पष्ट हुन्छ ।"

उपसभापति खड्काले कांग्रेस मिसन-२०८४ तर्फ केन्द्रित नरहेको समेत उल्लेख गर्नुभयो । उहाँले कांग्रेस अहिले मिसन-२०८१ मै रहेको बताउनुभयो । "देशको समृद्धि र विकास कांग्रेसको मूल मिसन हो, त्यहीँ भएर २०८१, २०८२ र २०८३ मा देश विकासका लागि के गर्ने, पार्टीलाई आम जनतासम्म कसरी पुऱ्याउने भन्नेमा हामी छौँ", उहाँले भन्नुभयो, "यति गरेपछि २०८४ मा कांग्रेस एक्लै चुनाव लडेर तीनै तहमा बहुमत ल्याउँछ ।"

**पेट्रोलियम अन्वेषणस्थलको अनुगमन**

उपसभापति खड्काले आजै दैलेखको भैरवी गाउँपालिका-१ स्थित जलजलेमा भइरहेको पेट्रोलियम अन्वेषणस्थलको आज अनुगमन गर्नुभएको थियो ।

चीन सरकारको लगानीमा भइरहेको अन्वेषणको प्रगतिका विषयमा खानी तथा भूगर्भ विभागका जियोलोजिष्ट प्रकाश लुईंटेलले उपसभापति खड्कालाई जानकारी गराउनुभएको थियो ।

लुईंटेलले चार हजार मिटरमध्ये हालसम्म २९६ मिटर ड्रिल सकिएको जानकारी दिनुभयो । उहाँले अहिलेनै जमिनमुनि पेट्रोलियम पदार्थ कति छ भनेर भन्न नसकिने बताउनुभएके थियो । रासस


**Government of Madhesh Province**

**Ministry of Energy, Irrigation & Water Suppy**

**Water Supply and Sanitation Division Office**

**Division, No.2 Jaleshwor, Mahottari**

**Invitation for Electronic Bids**

**First Date of publication:- 2081/02/32 (14th june 2024)**

Water Supply & Sanitation Division Office, Jaleshwor, Mahottari invites electronic bids only from Nepalese eligible bidders for following work under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Water Supply & Sanitation Division office, Jaleshwor Mahottari, wssdomahottari@gmail.com, 044520468 or may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract No. | Name of Work | Name of Project | Bid Fee (Nrs) | Bid Security Amount | Estimate Cost (with VAT & PS) |
|---|---|---|---|---|---|
| 10/NCB/Boring/2080-81/ WSSDO-MAHOTTARI | The Drilling & Installation of 4" Deep Tubewell | Diffrient place of Mahottari | 3000 | 235000.00 | 8627394.51 |
| 11/NCB/Boring/2080-81/ WSSDO-MAHOTTARI | The Drilling & Installation of 4" Deep Tubewell | Diffrient place of Dhanusha | 3000 | 292000.00 | 10784243.14 |

**Division Cheif**

# जी-७ को गर्भपतनको घोषणालाई इटालीले कमजोर बनाउने प्रयास गरेको आरोप

**एएफपी**

इटाली । इटालीले गर्भपतनसम्बन्धी जी-७ को घोषणापत्रमा 'सुरक्षित र कानुनी' गर्भपतनको सन्दर्भ हटाएर प्रावधानलाई कमजोर बनाउने प्रयास गरिरहेको कूटनीतिक स्रोतले जनाएको छ ।

अति दक्षिणपन्थी प्रधानमन्त्री जियोर्जिया मेलोनीले यौन अधिकारको संरक्षणमा आपत्ति जनाएपछि समूह सातका सदस्य राष्ट्र बेलायत, क्यानडा, फ्रान्स, जर्मनी, जापान र अमेरिकालाई चिढ्याएको स्रोतले जनाएको छ ।

मेलोनीको कार्यालयले बुधबार सम्मेलनको अन्तिम वक्तव्यको मस्यौदाबाट गर्भपतनको अधिकार कटौती गरिएको अस्वीकार गर्दै वार्ता जारी रहेको बताएको छ ।

इटालीका विदेशमन्त्री एन्टोनियो ताजानीले स्काई टीजी २४ सँगको कुराकानीमा भन्नुभयो, "विभिन्न प्रतिनिधिमण्डलबीच अझै पनि वार्ता भइरहेको छ ।"

गत वर्ष जापानमा भएको शिखर सम्मेलनपछि जी-७ का नेताहरूले जारी गरेको वक्तव्यमा महिला अधिकार फिर्ता लिने विषयमा 'कडा चिन्ता' व्यक्त गरिएको थियो ।

यसले सुरक्षित र कानूनी गर्भपतन र गर्भपतन पछिको हेरचाहमा पहुँचलाई सम्बोधन गरेर सबैका लागि यौन र प्रजनन स्वास्थ्य अधिकारको लागि जी-७ प्रतिबद्ध छ भन्ने देखाएको छ ।

स्रोतले सन् २०२१ देखि 'सुरक्षित पहुँच' को उल्लेख गरिएको तर मेलोनीले त्यो नचाहेको एएफपीलाई बतायो ।

"उहाँ एक मात्र हुनुहुन्छ । तर यो आयोजक देश भएकाले अरुले यसलाई विवादको बिषय (क्यासस बेली) नबनाउने निर्णय गरेका छन्," स्रोतले ल्याटिन शब्द प्रयोग गरी जानकारी गरायो ।

अन्तिम दस्तावेज शुक्रबार अबेरसम्म प्रकाशित हुने अपेक्षा गरिएको छैन ।

फ्रान्सेली राष्ट्रपति कार्यालयका एक अधिकारीले बुधबार पत्रकारसँग भन्नुभयो, "जी-७ वार्तामा 'यौन तथा प्रजनन स्वास्थ्यका प्रश्नहरूमा बहसलाई इटालियन राष्ट्रपतिले चाहेजति राख्न सकिएन ।"

इटालीको डोमानी पत्रिकाका निकटस्थ एक स्रोतले 'सुरक्षित पहुँच' पहिले नै कटौती गरिएको उल्लेखलाई अस्वीकार गरेको छ ।

"कुनै पनि राज्यले जी-७ शिखर सम्मेलनको मस्यौदा निष्कर्षबाट गर्भपतनसम्बन्धी मुद्दाको सन्दर्भ हटाउन भनेको छैन । यसबारे वार्ता अझै जारी छ," राष्ट्रपति स्रोतले भन्यो ।

"अन्तिम दस्तावेजमा समावेश हुने सबै कुरा वार्ताबाट बाहिर आउनेछ," विज्ञप्तिमा भनिएको छ ।

सन् २०२२ मा सत्तामा आएकी 'क्रिश्चियन आमा (मोदर)' मेलोनीलाई अधिकारकर्मीहरूले इटालीमा गर्भपतन थप कठिन बनाउने प्रयास गरेको आरोप लगाएका छन् ।

> **इटालीका विदेशमन्त्री एन्टोनियो ताजानीले स्काई टीजी २४ सँगको कुराकानीमा भन्नुभयो, "विभिन्न प्रतिनिधिमण्डलबीच अझै पनि वार्ता भइरहेको छ"**

अनुसार फ्रान्स र क्यानडा गर्भपतनको अधिकारलाई बलियो बनाउन दबाब दिइरहेका कारण इटालीको पछिल्लो भनाइले निराश भएका थिए ।

गर्भपतन संयुक्त राज्य अमेरिकामा पनि एक तातो विषय बनेको छ । राष्ट्रपति जो बाइडनले अधिकांश परम्परावादी राज्यहरूमा लागू गरिएको गर्भपतनमा प्रतिबन्धहरूको विरोध गर्दै आउनुभएको छ। इटालेली राष्ट्रपति

सन् १९७८ देखि क्याथोलिक बहुल देशमा गर्भपतनलाई कानुनी मान्यता दिइएको भए तापनि बहुमत स्त्रीरोग विशेषज्ञको सुझाबका कारण गर्भपतन लागु गर्न गाह्रो पर्नेछ ।

गत अप्रिलमा इटालेली संसद्ले मेलोनीको कट्टर दक्षिणपन्थी सरकारी गठबन्धनले गर्भपतन विरोधी कार्यकर्तालाई परामर्श क्लिनिकमा प्रवेश गर्न अनुमति दिने प्रस्ताव पारित गरेको थियो ।

# युक्रेनलाई ५० अर्ब डलर ऋण प्रदान गर्न जी७ इटाली शिखर सम्मेलनमा सहमति हुने

**एएफपी**

इटाली । रुसी सम्पत्तिहरूबाट भएको नाफाको प्रयोग गरेर युक्रेनका लागि ५० अर्ब डलर ऋण प्रदान गर्न जी७ का नेताहरू सहमत भएका छन् । बिहीबार दक्षिणी इटालीमा जी७ शिखर सम्मेलनमा भेला भएका नेताहरू उक्त ऋण प्रदान गर्न सहमत भएका हुन् ।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्की अमेरिकी राष्ट्रपति जो बाइडेन र इटाली, बेलायत, फ्रान्स, जर्मनी, क्यानाडा र जापानका नेताहरूसँग पुगलियाको लक्जरी बोर्गो इग्नाजिया रिसोर्टमा वार्ताका लागि सहभागी हुनुहुनेछ ।

एजेन्डामा सबैभन्दा माथि रुससँगको दुई वर्षभन्दा बढी समयको युद्धपछि किएभलाई रक्षा, बजेटरी सहयोग र पुनर्निर्माणमा सहयोग गर्नका लागि तत्काल ५० अर्ब डलरको ऋण प्रदान गर्ने योजना रहेको छ ।

पश्चिमी सहयोगीहरूद्वारा जफत गरिएको रुसी केन्द्रीय बैंकको तीन खर्ब युरो (तीन खर्ब २५ अर्ब डलर) को ब्याजबाट हुने भविष्यको नाफाविरुद्ध ऋण सुरक्षित गरिनेछ ।

"जी७ बाट राम्रो खबर : युक्रेनका लागि थप ५० अर्ब डलर", जर्मन वित्तमन्त्री क्रिश्चियन लिन्डनरले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ, "हामी यसका लागि स्थिर सम्पत्तिबाट ब्याज प्रयोग गर्दैछौं- एक स्मार्ट उपकरण जसले (रुसी राष्ट्रपति भ्लादिमिर) पुटिनलाई हाम्रो एकता देखाउँछ, युक्रेनलाई ठूलो सहयोग गर्दछ र बजेटको बोझ कम गर्दछ, अब हामी विवरणमा काम गरिरहेका छौं ।"

फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोनको कार्यालयले बुधबार यस वर्षको अन्त्यसम्म रकम उपलब्ध गराउने सम्झौता भएको बताएको थियो ।

अमेरिकाका राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले बिहीबार भन्नुभयो, "हामी यहाँ राम्रो नतिजाको सङ्घारमा छौं ।" उहाँले अझै पनि थप विवरण बाहिर निकाल्न आवश्यक रहेको बताउनुभयो ।

आफ्नो आगमनअघि जेलेन्स्कीले शिखर सम्मेलनमा 'महत्त्वपूर्ण निर्णय' को आशा गरेको बताउनुभयो । उहाँले पुगलियामा जापान र अमेरिकासँग थप दुई सम्झौतामा हस्ताक्षर गर्ने पनि बताउनुभयो ।

सन् २०२२ फेब्रुअरीमा रुसको आक्रमणपछि जी७ का मुलुकहरू युक्रेनको प्रमुख सैन्य र वित्तीय समर्थक भएका छन् ।

# गाजा युद्धसम्बन्धी राष्ट्रसंघीय अनुसन्धान पक्षपातपूर्ण रहेको इजरायलको दाबी



**एएफपी**

जेरुसेलम । गाजामा हमासविरुद्धको युद्धमा मानवताविरोधी अपराध गरेको भेटिएको भन्ने संयुक्त राष्ट्र सङ्घको अनुसन्धानलाई इजरायलले पक्षपातपूर्ण भन्दै आरोपको खण्डन गरेको छ ।

गाजा युद्धमा राष्ट्रसङ्घका विज्ञले गरेको पहिलो गहन अनुसन्धान प्रतिवेदनले इजरायली र प्यालेस्टिनी सशस्त्र समूहले युद्ध अपराध गरेको पनि पत्ता लगाएको छ।

इजरायल र प्यालेस्टिनी क्षेत्रमा भएको अन्तर्राष्ट्रिय कानुन उल्लङ्घनको अनुसन्धान गर्न संयुक्त राष्ट्रसङ्घ मानव अधिकार परिषद्ले सन् २०२१ मेमा अनुसन्धान आयोगको स्थापना गरेको थियो ।

संयुक्त राष्ट्र सङ्घको स्वतन्त्र अनुसन्धान आयोगले बुधबार जारी गरेको प्रतिवेदनमा इजरायलले 'युद्ध अपराध, मानवता विरुद्धको अपराध' र अन्य अन्तर्राष्ट्रिय कानून उल्लङ्घन गरेको जानकारी गराइएको छ ।

प्रतिवेदनमा 'गाजाका आम-नागरिकविरुद्ध इजरायलले व्यापक र निर्देशित आक्रमण गरेको उल्लेख गरिएको छ ।

इजरायली विदेश मन्त्रालयले आयोगको अनुसन्धान प्रतिवेदन पक्षपातपूर्ण र स्पष्ट इजरायल विरोधी एजेन्डाबाट प्रेरित रहेको दाबी गर्नुका साथै इजरायली सेना (आईडीएफ) विरुद्धको झूटा आरोप र मानहानियुक्त भएको मन्त्रालयले बताएको छ ।

आयोगले गत अक्टोबर ७ को आक्रमणमा हमास र अन्य सशस्त्र समूहका सदस्यहरूले पनि हत्या, हताहत, दुर्व्यवहार, बन्धक र यौनिक तथा लैङ्गिक हिंसाजस्ता अपराध गरेको पुष्टि गरेको छ ।

"हमास र प्यालेस्टिनी सशस्त्र समूहहरूले तुरुन्तै हवाई आक्रमण बन्द गर्नुपर्छ र सबै बन्धकलाई रिहा गर्नुपर्छ," संयुक्त राष्ट्रसङ्घकाका पूर्व अधिकार प्रमुख र अन्तर्राष्ट्रिय फौजदारी अदालतका पूर्व न्यायाधीश नाभी पिल्लेले भन्नुभयो । हमासले संयुक्त राष्ट्रसङ्घको उक्त प्रतिवेदनमा हालसम्म कुनै टिप्पणी गरेको छैन।

# आईएमएफद्वारा श्रीलङ्काको कर्जा सहयोग निकाशा

**एएफपी**

वासिङ्टन । अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले चीनलगायत श्रीलङ्काको वैदेशिक ऋणको महत्वपूर्ण पुनर्संरचनामा ढिलाइ भएपनि ३३ करोड ६० लाख अमेरिकी डलर बराबरको ऋण किस्ता (बेलआउट) का रुपमा निकासा गरेको छ ।

आईएमएफले आफ्नो पछिल्लो समीक्षापछि भनेको छ, "श्रीलङ्काले पुनरुत्थान गर्न थालेको छ, तर अर्थतन्त्र अझै पनि कमजोर छ र ऋणको दिगोपनाको बाटो जाखिममा नै रहेको छ ।

सन् २०२२ को अप्रिलमा खाद्यान्न, इन्धन र औषधिजस्ता अत्यावश्यक वस्तुको आयातका लागि समेत विदेशी मुद्रा अभाव भएपछि श्रीलङ्काले आफ्नो बाह्य ऋण तिर्न नसकेपछि आइएमएफले उसलाई नियमित किस्ता तिर्ने शर्तमा ऋण उपलब्ध गराउँदै आएको छ ।

महिनौंसम्म चलेको विरोध प्रदर्शनले तत्कालीन राष्ट्रपति गोटबाया राजापाक्षेलाई भ्रष्टाचार र कुव्यवस्थापनको आरोप लागेपछि पद छोड्न बाध्य बनाएको थियो भने देशलाई सबैभन्दा खराब आर्थिक सङ्कटमा धकेलेको थियो ।

आइएमएफको कर्जा समितिले कोलम्बोसँग गत मार्चमा भएको कर्मचारीस्तरीय सम्झौतालाई अनुमोदन गरेको छ ।

समितिले ऋण पुनर्संरचना सम्झौतामा पुग्न श्रीलङ्काको प्रयासको स्वागत गरेको छ, तर देशले द्विपक्षीय ऋणदाता, निजी ऋणदाता र चीनको निर्यात-आयात बैङ्कसँगका सम्झौताहलाई छिटो अन्तिम रूप दिनुपर्छ ।

आईएमएफले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "निर्देशकहरूले बाह्य निजी ऋणदाताहरूसँग तुलनात्मक, पारदर्शी र समयमै पुन :संरचना पूरा गर्ने महत्वमा जोड दिएका छन् ।

श्रीलङ्काको कुल वैदेशिक ऋणको करिब १० प्रतिशत हिस्सा बेइजिङले ओगटेको छ ।

चीनले डिसेम्बरमा श्रीलङ्काको ऋणको पुनर्संरचना गर्न 'सैद्धान्तिक रूपमा' सहमति जनाएको थियो, तर कोलम्बो र बेइजिङ दुवैले विस्तृत विवरण दिएका थिएनन् र दुई देशबीच सम्झौता हुन बाँकी छ ।

राष्ट्रपति रनिल विक्रमासिङ्घेले बिक्री तथा व्यक्तिगत आय कर बढाएका छन्, ऊर्जा अनुदान कटौती गेरका छन् र आईएमएफको उद्धार सम्झौताअनुरूप सुधार र मितव्ययिताका उपाय अघि सारेका छन्।

श्रीलङ्काको वार्षिक ऋण भुक्तानी आधिकारिक रूपमा ६.० अर्ब अमेरिकी डलर रहेको अनुमान गरिएको छ । यसमा सन् २०२३ को अन्त्यसम्ममा ४१.५ अर्ब अमेरिकी डलर रहेको बाह्य ऋण पनि समावेश छ ।

# इमरान खान, कुरेसीलगायत पिटिआई नेता आजादी मार्च मुद्दामा निर्दोष ठहर

**एएनआई**

इस्लामाबाद। इस्लामाबादको एक पुनरावेदन अदालतले बिहीबार पाकिस्तान तेहरीक-ए-इन्साफ (पिटिआई) का संस्थापक इमरान खान र पार्टीका वरिष्ठ नेता शाह महमूद कुरेसीलाई स्वतन्त्रताका लागि प्रदर्शन (आजादी मार्च) मुद्दामा निर्दोष ठहर गरेको पाकिस्तानी एआरवाई न्यूजले जनाएको छ ।



न्यायाधिकारी मलिक मुहम्मद इमरानले पूर्वप्रधानमन्त्री खान, शाह, कुरेशी र अवामी मुस्लिम लिग (एएमएल) का प्रमुख शेख रशीद निर्दोष ठहरिएको जानकारी गराउनुभयो ।

अदालतले सदाकत अब्बासी र अली नवाज अवानलाई आजादी मार्चको मुद्दाबाट मुक्त गर्न पनि आदेश दिएको छ ।

पाकिस्तानका पूर्वप्रधानमन्त्री खान, शाह कुरेशी र अन्यसहित पिटिआईका धेरै नेतालाई प्रहरीले आजादी मार्चसँग सम्बन्धित विभिन्न प्रारम्भिक घटनामा मुद्दा दर्ता गरेको एआरवाई न्यूजले जनाएको छ ।

एआरवाई न्यूजको रिपोर्ट अनुसार प्रहरी र पिटिआई नेताबिच झडप भएपछि हिंसा फैलाउन खोजेको आरोपमा प्रहरीले वरिष्ठ नेता र कार्यकर्ताविरुद्ध ४२ वटा मुद्दा दर्ता गरेको थियो ।

सन् २०२२ मे २५ मा स्वतन्त्रता (हकीकी आजादी) का लागि इमरान खानको पदयात्रा मार्च अघि अधिकारीले धारा-१४४ लागू गरी भेला रोक्ने उपाय गरेको पाकिस्तानी अङ्ग्रेजी पत्रिका डनले जनाएको छ । आन्दोलनकारीले पदयात्रा अवरुद्ध गर्न प्रमुख मार्गहरूमा ढुवानी कन्टेनरहरू राखेको अधिकारीले बताएका छन् ।

प्रहरीले प्रदर्शनकारीलाई तितरबितर पार्ने प्रयास गर्दा अश्रु ग्याँसको सामना गर्नु परेको र उनीहरूमाथि लाठीचार्ज भएको डनले जनाएको थियो ।

यस महिनाको सुरुमा इस्लामाबाद उच्च अदालतले इमरान खान र कुरेसीलाई गोप्य कागजात सार्वजनिक गरेको आरोप लगाइएको मुद्दामा निर्दोष ठहर गरेको थियो ।

# भारतीय प्रधानमन्त्री मोदी बिहीबार इटाली प्रस्थान

**एएनआई**

नयाँदिल्ली । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो तेस्रो कार्यकालको कार्यभार सम्हालेपछि पहिलो विदेश भ्रमणको रूपमा समूह सात (जी-७) शिखर सम्मेलनमा भाग लिन बिहीबार इटाली प्रस्थान गर्नुहुनेछ ।

जुन १३-१४ सम्म अपुलिया क्षेत्रमा आयोजना हुने यस सम्मेलनमा आमन्त्रित राष्ट्रका रूपमा भारतलाई निमन्त्रणा गरिएको छ । सम्मेलनमा अमेरिका, बेलायत, क्यानडा, जर्मनी, इटाली, जापान र फ्रान्सका साथै युरोपेली सङ्घका सदस्य राष्ट्रहरूले भाग लिनेछन् ।

इटालीकी प्रधानमन्त्री जर्जिया मेलोनीले प्रधानमन्त्री मोदीलाई जी-७ शिखर सम्मेलनमा सहभागी हुन आमन्त्रित गर्नुभएको थियो ।

यो सहभागिता जी-७ शिखर सम्मेलनमा भारतको ११औँ र जी-७ शिखर सम्मेलनमा प्रधानमन्त्री मोदीको लगातार पाँचौँ सहभागिता हुनेछ । शिखर सम्मेलनमा प्रधानमन्त्री मोदीले जी-७ र आमन्त्रित राष्ट्र साथै अन्तर्राष्ट्रिय संस्थाका नेतासँग द्विपक्षीय बैठक र छलफल गर्ने अपेक्षा गरिएको छ ।



विदेशसचिव क्वात्राका अनुसार प्रधानमन्त्री मोदीले आफ्ना इटालियाली समकक्षी जर्जिया मेलोनीसँग पनि द्विपक्षीय बैठक गर्ने अपेक्षा गरिएको छ ।

एक विशेष कार्यक्रमलाई सम्बोधन गर्दै विदेश सचिव विनय क्वात्राले लगातार तेस्रो कार्यकाल सम्हालेपछि प्रधानमन्त्री मोदीको यो पहिलो विदेश भ्रमण भएकाले महत्त्वपूर्ण रहेको बताउनुभयो । "यसले उहाँलाई भारत र ग्लोबल साउथका लागि महत्त्वपूर्ण मुद्दाहरूमा जी-७ शिखर सम्मेलनमा उपस्थित अन्य विश्व नेताहरूसँग सम्लग्न हुने अवसर पनि दिनेछ । यो जी-७ शिखर सम्मेलनमा भारतको ११औँ र प्रधानमन्त्री मोदीको लगातार पाँचौँ सहभागिता हुनेछ ", उहाँले भन्नुभयो ।

क्वात्राका अनुसार जी-७ शिखर सम्मेलनमा विशेषत आर्टिफिसियल इन्टेलिजेन्स, ऊर्जा, अफ्रिका र भूमध्यसागरको अवस्थाबारे छलफल गरिनेछ । "जी-७ शिखर सम्मेलनमा भारतको नियमित सहभागिताले शान्ति, सुरक्षा, विकास र वातावरण संरक्षण लगायत विश्वव्यापी चुनौतिहरूको समाधान गर्ने प्रयासमा गरेको निरन्तर प्रयासहरूको बढ्दो मान्यता र योगदानलाई कदर गरिनेछ," उहाँले थप बताउनुभयो ।

जनवरी १ मा इटालीले सातौं पटक जी-७ को अध्यक्षता ग्रहण गरेको थियो । राष्ट्रहरू अमेरिका, क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान र बेलायत जी-७ सदस्य राष्ट्र हुन्।

सात सदस्य राष्ट्रका नेताहरू, साथै युरोपेली परिषद्का अध्यक्ष र युरोपेली सङ्घको प्रतिनिधित्व गर्ने युरोपेली आयोगका अध्यक्षले जी-७ शिखर सम्मेलनमा भाग लिनेछन्। भारत, टर्की र विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूसहित धेरै राज्यहरूलाई पनि इटालीले जी-७ शिखर सम्मेलनमा आमन्त्रित गरेको छ ।

# कुवेतको आगलागीमा करिब ४० भारतीयको मृत्यु, ५० भन्दा बढी घाइते

**एएनआई**

नयाँदिल्ली । कुवेतको मङ्गाफ क्षेत्रमा रहेको श्रम आवास केन्द्रमा बुधबार आगलागी हुँदा करिब ४० जना भारतीयको मृत्यु हुनुका साथै ५० जनाभन्दा बढी घाइते भएको भारतीय विदेश मन्त्रालयले जनाएको छ ।

घाइते भएका व्यक्तिहरूलाई कुवेतका पाँचवटा सरकारी अस्पताल अदान, जाबेर, फरवानिया, मुबारक अल कबीर र जाहरा अस्पतालमा उपचारका लागि राखिएको छ। अस्पतालका अधिकारीहरूले अधिकांश घाइतेहरूको अवस्था सामान्य रहेको जनाएको छ ।

"दूतावासले सम्बन्धित कुवेती अधिकारी र कम्पनीबाट घटनाको पूर्ण विवरणहरू प्राप्त गरिरहेको छौँ । हामी शोकाकुल परिवारहरूप्रति गहिरो समवेदना प्रकट गर्दछौं ", विदेश मन्त्रालयले बुधबार राति जारी गरेको विज्ञप्तिमा भनिएको छ।

"दूतावासले यस दुर्भाग्यपूर्ण घटनामा घाइते भएका भारतीय नागरिकहरूलाई सबै सम्भव सहयोग प्रदान गर्न स्थानीय अधिकारीहरूसँग समन्वय जारी राखेको छ", दूतावासले कुवेतका अधिकारीहरूबाट पूर्ण सहयोग प्राप्त गरिरहेको उल्लेख गर्दै विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

"प्रधानमन्त्री नरेन्द्र मोदीको निर्देशनमा, राज्यमन्त्री कीर्तिवर्धन सिंह हाल कुवेतको यात्रामा हुनुहुन्छ। उहाँले तुरुन्तै शव फिर्ता र घाइतेहरूलाई चिकित्सा सहायताको लागि काम गरिरहनु भएको छ," विज्ञप्तिमा भनिएको



छ ।

यसैबीच, कुवेतमा रहेको भारतीय दूतावासले घटनामा प्रभावितहरूलाई राहत प्रदान गर्न स्थानीय अधिकारीहरूसँग सम्पर्कमा रहेको छ ।

दूतावासले पीडित परिवारका सदस्यहरूलाई सम्पर्क गर्न हेल्पलाइन (व्हाट्सएप र नियमित कल) स्थापना गरेको छ । हेल्पलाइनमार्फत नियमित अपडेट प्रदान गरिँदैछ ।

यसअघि कुवेतमा आगलागीको खबर आएपछि प्रधानमन्त्री मोदीले समीक्षा बैठकको अध्यक्षता गर्दै मृतक भारतीय नागरिकका परिवारलाई प्रधानमन्त्री राहत कोषबाट दुई लाख रुपैयाँ सहयोग गर्ने घोषणा गर्नुभएको थियो ।

प्रधानमन्त्री मोदीले यस दुर्भाग्यपूर्ण घटनामा गहिरो दुःख व्यक्त गर्दै मृतकको परिवारप्रति समवेदना प्रकट गर्नुभएको छ । उहाँले घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै भारत सरकारबाट सबै सम्भव सहयोगको आश्वासन दिनुभएको छ ।

# अष्ट्रेलियाको बेरोजगारी दर ४.० प्रतिशतले घट्यो

**सिन्ह्वा**

अष्टेलिया । अस्ट्रेलियाको बेरोजगारी दर मे महिनामा घटेको राष्ट्रिय तथ्याङ्क कार्यालयले जनाएको छ ।

अष्ट्रेलियाली तथ्याङ्क विभाग (एबीएस) ले बिहीबार प्रकाशित गरेको श्रमशक्तिको तथ्याङ्कका अनुसार बेरोजगारी दर अप्रिलमा ४.१ प्रतिशतबाट मे मा ४.० प्रतिशतले घटेको छ ।

अस्ट्रेलियन एसोसिएटेड प्रेस (एएपी) ले यो गिरावट अर्थशास्त्रीहरूको अपेक्षा अनुरूप रहेको बताएको छ ।

एबीएसले अप्रिल र मेको बिचमा ४० हजार मानिसहरूको रोजगारी बढ्नुका साथै सोही अवधिमा नौ हजार मानिसहरूको बेरोजगारी घटेको बताएको छ ।

अप्रिलमा सामान्यभन्दा धेरै बेरोजगार मानिसहरू काम सुरु गर्न चाहेकोमा मे महिनामा बेरोजगारीमा केही गिरावट र रोजगारीमा भएको वृद्धिले मानिसहरूले जागिर सुरु गर्ने प्रतिबिम्बित गर्ने एबीएसका ब्योर्न जार्विसले एक विज्ञप्तिमा जनाउनुभयो ।

"अहिले लगभग छ लाख बेरोजगार व्यक्तिहरू भएता पनि महामारी अघि मार्च २०२० को तुलनामा अझै पनि एक लाख दश हजार कम व्यक्तिहरू छन् ।"

रोजगारीमा वृद्धिका बावजुद, अष्ट्रेलियालीले काम गर्ने घण्टाको स८्या अप्रिल र मेको बीचमा ०.५ प्रतिशतले घटेको छ ।

जार्विसले घण्टाको कमीले रोगको कारण कामबाट समय निकाल्ने मानिसहरूको बढ्दो स८्यालाई प्रतिबिम्बित गरेको बताउनुभयो ।

बिरामी भएका कारण थोरै समय काम गरेकोले सन् २०२३ मेको जस्तै लगभग ४.२ प्रतिशत नागरिकले काम गरेको र पूर्व-महामारीको औसत ३.५ प्रतिशतको तुलनामा सामान्य बढी भएको उहाँले बताउनुभयो ।


सहभागिता दरले काम गर्ने उमेरको जनसङ्ख्याको अंश मापन गर्दछ । कार्यरत र सक्रिय रूपमा काम खोज्ने सङ्ख्या ६६.८ प्रतिशतमा स्थिर रहेको छ ।

# रूसी कूटनीतिज्ञको आवागमन रोक्न पत्राचार

**एएफपी**

युरोपेली सङ्घ (इयु) का आठ देशका विदेश मन्त्रीहरूले समूहको विदेश नीति प्रमुखलाई पत्राचार गर्दै सेन्जेन क्षेत्रमा रूसी कूटनीतिज्ञको आवागमन रोक्न आग्रह गरेका छन् ।

उनीहरूले भिसा-



मुक्त सेन्जेन क्षेत्रमा रूसी कूटनीतिक राहदानी धारकको स्वतन्त्र आवागमनले 'घातक गतिविधिलाई सुविधा दिएको दाबी गर्दै मस्कोले इयुभित्र विभाजन रोप्ने प्रयासहरू बढाइरहेको चिन्ता व्यक्त गरेका छन् ।रासस

# विनियोजन विधेयकमाथि खर्च कटौतीका आठवटा प्रस्ताव प्रस्तुत

**बिहीबारको बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको बजेटमाथि छलफल भइरहेको छ । प्रतिनिधिसभामा छलफलका क्रममा यी तीन मन्त्रालयको खर्च कटौतीका आठवटा प्रस्ताव परेका हुन् ।**



काठमाण्डु । प्रतिनिधिसभाको बिहीबारको बैठकमा विनियोजन विधेयक, २०८१ अन्तर्गत विभिन्न तीनवटा मन्त्रालयको बजेटमाथि छलफलका क्रममा खर्च कटौतीका आठ प्रस्ताव पेस भएका छन् ।

बिहीबारको बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको बजेटमाथि छलफल भइरहेको छ । प्रतिनिधिसभामा छलफलका क्रममा यी तीन मन्त्रालयको खर्च कटौतीका आठवटा प्रस्ताव परेका हुन् ।

बिहीबारको बैठकमा प्रतिनिधिसभा सदस्य दिलेन्द्रप्रसाद बडूले 'विनियोजन विधेयक, २०८१ अन्तर्गत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ गरियोस्' भनी खर्च कटौतीको प्रस्ताव गर्नुभएको छ । उद्योग मन्त्रालयका पदाधिकारी र कर्मचारीका लागि विभिन्न भत्ता शीर्षक कायम गरेर आर्थिक अनुशासन उल्लङ्घन गरिएको उहाँको भनाइ छ । चालु खर्च बढाउनेगरी विभिन्न भत्ता शीर्षक कायम गरिएकाले खर्च कटौतीको प्रस्ताव पेस गरेको उहाँले संसद्मा बताउनुभयो ।

उद्योग मन्त्रालयअन्तर्गतका विभिन्न क्रमागत आयोजनासमेतलाई बजेट नराखेर नतिजा दिन नसक्ने प्रकृतिका योजना र कार्यक्रम परेको सांसद बडूले बताउनुभयो । रुग्ण र बन्द अवस्थामा रहेका उद्योग व्यवस्थापनको विषय बजेटको प्राथमिकतामा नपरेको र पर्याप्त बजेटसमेत विनियोजन नभएको उहाँले बताउनुभयो ।

सांसद डा अमरेशकुमार सिंहले ' विनियोजन विधेयक, २०८१ अन्तर्गत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ गरियोस्' भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुभएको छ ।

राजनीतिक अस्थिरताका कारण सरकार र शासन व्यवस्थाप्रति नागरिकको गुनासो बढ्दै गएको सिंहले बताउनुभयो । आगामी आर्थिक वर्षको बजेटले आन्तरिक वस्तु उत्पादनलाई प्रवर्द्धन र बजारीकरणमा सघाउन नसकेको उहाँले आरोप लगाउनुभयो । विभिन्न वस्तु तथा सेवा मुलुकभित्र उत्पादन हुन सकेमात्र आर्थिक समृद्धि हासिल गर्न सम्भव हुने उहाँको भनाइ छ ।

संशोधनबिना सत्तापक्षले बजेट पारित गर्ने भएकाले संसद्मा विनियोजन विधेयकमाथि छलफल गर्नुको तात्विक अर्थ नरहेको सांसद सिंहले बताउनुभयो । नागरिकको स्वास्थ्यसम्बन्धी हक प्रभावकारी कार्यान्वयन हुन नसकेको भन्दै बजेटकोसमेत प्राथमिकतामा नरहेको उहाँको भनाइ छ ।

सांसद प्रेम सुवालले 'विनियोजन विधेयक, २०८१ अन्तर्गत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय शीर्षकको खर्च रकममा उल्लेखित रकम घटाइयोस्' भनी खर्च कटौतीको प्रस्ताव गर्नुभएको छ ।

विदेशी पुँजीमा आश्रित हुने नभइ आन्तरिक पुँजी सिर्जना र लगानीबाट अर्थतन्त्र सबल बनाइनुपर्ने सांसद सुवालले बताउनुभयो । काठमाण्डु उपत्यकाभित्रका औद्योगिक क्षेत्रलाई उपत्यका बाहिर स्थानान्तरण गर्न ढिलाइ भएको विषयमा उहाँले संसद्को ध्यानाकर्षण गराउनुभयो ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गर्ने बजार अनुगमनका क्रममा कर्मचारीले व्यापारीसँग घुस माग्ने गरेको गुनासो आएकाले यसबारे सरकार र सरोकार भएका निकाय गम्भीर हुनुपर्नेमा सांसद सुवालले जोड दिनुभयो । विशेष आर्थिक क्षेत्र (सेज)को निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने र सबै पालिकामा सहुलियत पसल खोलिनुपर्ने माग उहाँले राख्नुभयो ।

सीमा नाकाको विवाद व्यवस्थापन गरिनुपर्ने, भूमिसम्बन्धी समस्या समाधान गरिनुपर्ने, भूमिहीन सुकुम्बासीलाई तत्काल भूमि उपलब्ध गराउनुपर्ने सांसद सुवालको माग छ । स्वास्थ्य क्षेत्रका समस्या समाधानका लागि बजेटले स्पष्ट योजना ल्याउन नसकेको पनि उहाँले बताउनुभयो ।

सांसद बिना लामाले 'विनियोजन विधेयक, २०८१ अन्तर्गत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइ रु एक कायम गरियोस्' भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुभएको छ ।

उद्योग र निर्माण क्षेत्रको वृद्धिदर नकारात्मक रहेको अहिलेको अवस्थामा यी क्षेत्रलाई चलायमान हुनेगरी बजेट आउन नसकेको सांसद लामाले बताउनुभयो । आन्तरिक लगानी खुम्चिएको र प्रतिबद्धताअनुसार बाह्य लगानी प्राप्ति नभइरहेको अवस्थालाई गम्भीर रूपमा लिइनुपर्ने उहाँको भनाइ छ ।

औद्योगिक पूर्वाधार निर्माण गर्न विभिन्न स्थान तय भइसकेको अवस्थामा तिनलाई अघि बढाउन छाडेर सरकारले नयाँ योजना अघि सारेको सांसद लामाले उल्लेख गर्नुभयो । मुलुकभित्र विभिन्न स्थानमा रहेका खनिजजन्य खानी उत्खननलाई बजेटले प्राथमिकतामा राख्न नसकेको उहाँले दाबी गर्नुभयो । गुठी व्यवस्थापनसम्बन्धी समस्या अझै समाधान हुन नसकेको उहाँको भनाइ छ ।

सांसद रुपा विकले 'विनियोजन विधेयक, २०८१ अन्तर्गत भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ गरियोस्' भनी खर्च कटौतीको प्रस्ताव प्रतिनिधिसभामा राख्नुभएको छ ।

उक्त मन्त्रालयको बजेट शीर्षकमा मन्त्रालयका पदाधिकारी र कर्मचारीका लागि अनावश्यक भत्ता उपलब्ध गराउनेगरी रकम विनियोजन भएकाले खर्च कटौतीको प्रस्ताव पेस गरेको सांसद विकको भनाइ छ । सहकारी क्षेत्रका देखिएका समस्या समाधानका लागि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको भूमिका कमजोर देखिएको उहाँले बताउनुभयो ।

सहकारी संस्थाको प्रभावकारी अनुगमन आवश्यक रहेको अहिलेको अवस्थामा त्यसका लागि पर्याप्त बजेट विनियोजन नभएको सांसद विकले दाबी गर्नुभयो । भूमिहीन र सुकुम्बासीका अधिकार प्रत्याभूति गर्न बजेट केन्द्रित हुन नसकेको उहाँको भनाइ छ ।

योजनाबिना नै जग्गाको वर्गीकरण भइरहेको र कृषियोग्य जमिन तीव्र रूपमा प्लटिङ भइरहेकोप्रति उहाँले संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । स्वास्थ्य क्षेत्रमा पूर्वाधार, जनशक्ति र औषधिको अभाव रहेको भनेर जनगुनासो आइरहे पनि सरकारले बजेटको प्राथमिकतामा राख्न नसकेकाले आफूले खर्च कटौतीको प्रस्ताव पेस गर्नुपरेको विकले बताउनुभयो ।

सांसद ज्ञानबहादुर शाहीले ' विनियोजन विधेयक, २०८१ अन्तर्गत भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ गरियोस्' भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुभएको छ । भूमिको वैज्ञानिक र प्रभावकारी व्यवस्थापन हुन नसक्दा खालिरहेका ठाउँमा मानवबस्ती बनेको, कृषि उत्पादन फल्ने ठाउँमा अव्यवस्थित सहरीकरण भइरहेकालगायत समस्या बढ्दै गएको उहाँले बताउनुभयो ।

नेपालमा कृषियोग्य उत्पादनबाट प्रशस्त आर्थिक लाभ लिनसक्ने सम्भावना रहे पनि त्यसलाई सरकारले प्राथमिकतामा राख्न नसक्दा नेपालकको श्रमशक्ति विदेशिनुपरेको र विदेशबाट वस्तु आयात गरेर खपत गर्नुपर्ने अवस्था आएको सांसद शाहीले बताउनुभयो । नेपालको व्यापार घाटा बर्सेनि बढिरहेको उल्लेख गर्दै उहाँले मुलुकभित्रका उत्पादनका क्षेत्र पहिचान गरी लगानी केन्द्रित गर्न सक्नुपर्ने बताउनुभयो ।

प्रतिनिधिसभा सदस्य शान्ति विकले 'विनियोजन विधेयक, २०८१ अन्तर्गत स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ गरियोस्' भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुभएको छ । नेपालमा स्वास्थ्य सेवाको पहुँच र गुणस्तर बढाउन अतिआवश्यक रहे पनि आगामी आर्थिक वर्षको बजेटले त्यसलाई प्राथमिकतामा राख्न नसकेको उहाँले बताउनुभयो ।

सरकारले कार्यान्वयन गरेको स्वास्थ्य बीमा कार्यक्रम केही हदसम्म प्रभावकारी देखिए पनि पर्याप्त नभएको सांसद विकले बताउनुभयो । स्वास्थ्य बीमाको दुरुपयोग भइरहेको उहाँको भनाइ छ । विभिन्न देशमा स्वास्थ्य सेवा पनि करद्वारा वित्त पोषित हुने र निःशुल्क रहेको बताउँदै उहाँले नेपालमा पनि स्वास्थ्य क्षेत्रलाई सरकारले उच्च प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो ।

भूमिहीन तथा सुकुम्बासीका समस्या हल गर्न र सहकारी क्षेत्रको समस्या समाधान गर्न पनि सरकारले प्राथमिकतामा राखेर काम गर्नुपर्नेमा सांसद विकले जोड दिनुभयो ।

सांसद रोशन कार्कीले 'विनियोजन विधेयक, २०८१ अन्तर्गत स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ कायम गरियोस्' भनी खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्नुभयो । बिहीबारको बैठकमा उहाँले स्वास्थ्य तथा जनसङ्ख्यामन्त्रीलाई बजेटमा राखिएका विषयहरूलाई अध्ययन गर्न र त्यसको गम्भीर समीक्षा गर्नसमेत आग्रह गर्नुभयो ।

महिला, ग्रामीण र पिछडिएका क्षेत्र लक्षित स्वास्थ्य कार्यक्रम आउन नसकेको सांसद कार्कीको भनाइ छ । राज्यबाट प्राप्त हुने स्वास्थ्य सुविधा आर्थिक रूपमा विपन्न र पिछडिएको क्षेत्रलाई लक्षित गरी कार्यान्वयन गरिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

महिलाको पाठेघर र स्तनको क्यान्सरको समस्या विकराल हुँदै गएको विद्यमान अवस्थामा त्यसको समाधानका लागि पर्याप्त बजेट विनियोजन हुन नसकेको सांसद कार्कीले बताउनुभयो । प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १४६ मा खर्च कटौतीको प्रस्तावसम्बन्धी व्यवस्था रहेको छ । नियमावलीमा 'कुनै शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ कायम गरियोस्', 'कुनै शीर्षकको खर्च रकममा उल्लिखित खर्च रकम घटाइयोस्', वा 'कुनै शीर्षकको खर्च रकममा एक सय रुपैयाँ घटाइयोस्' भन्ने प्रस्ताव मात्रै पेस गर्नसक्ने प्रावधान छ ।

'शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ कायम गरियोस्' भनी प्रस्तुत गरिएको प्रस्तावलाई शीर्षकमा निहित नीतिमाथि असहमति प्रकट गर्न प्रस्तुत गरिएको मानिन्छ भने 'शीर्षकको खर्च रकममा उल्लिखित खर्च रकम घटाइयोस' भनी प्रस्तुत गरिएको प्रस्तावलाई मितव्ययिता अवलम्बन गर्न प्रस्तुत गरिएको मानिन्छ ।

'शीर्षकको खर्च रकममा एक सय रुपैयाँ घटाइयोस्' भनी प्रस्तुत गरिएको प्रस्तावलाई नेपाल सरकारको जवाफदेहिताभित्रको विषयमा प्रस्तावक सदस्यलाई चित्त नबुझेको विषय प्रकट गर्न प्रस्तुत गरिएको साङ्केतिक कटौतीका प्रस्ताव मानिन्छ । रासस

> **नेपालमा कृषियोग्य उत्पादनबाट प्रशस्त आर्थिक लाभ लिनसक्ने सम्भावना रहे पनि त्यसलाई सरकारले प्राथमिकतामा राख्न नसक्दा नेपालकको श्रमशक्ति विदेशिनुपरेको र विदेशबाट वस्तु आयात गरेर खपत गर्नुपर्ने अवस्था आएको सांसद शाहीले बताउनुभयो ।**

## शीतगृहले किसानलाई राहत



धरान । कोशी प्रदेश सरकारको आर्थिक सहयोगमा धरान उपमहानगरपालिका-१३ स्थित कृषिबजारमा निर्माण गरिएको शीतगृह (चिस्यान केन्द्र)ले किसानलाई राहत मिलेको छ ।

विगतमा बिक्री नभएर आफ्ना उत्पादन खेर फाल्न बाध्य किसानले अहिले बिक्री नभएको कृषिजन्य उत्पादन भण्डारणका लागि शीतगृह पुर्‍याउने गरेका छन् । सङ्खुवासभाका किसान विष्णु राई शीतगृह निर्माण भएपछि किसानलाई राहत मिलेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "झण्डै एक दिनको बाटो धाएर धरानमा बिक्रीका लागि ल्याइन्छ तर कहिले बिक्री नभएर अब के गर्ने भन्ने तनाव हुन्छ, दुःख गरेर धरान ल्याइएका फलफूल र तरकारी बिक्री नभए सित्तैमा बाँडेर जानुपर्ने, कि त फालेर हिँड्नु पर्ने अवस्था थियो ।"

अहिले बिक्री नभएको तरकारी फलफूल सबै यहीँ राखेर जान पाइन्छ । दश/बाह्र दिनपछि आएर फेरि बिक्री गर्न सकिन्छ उहाँले भन्नुभयो ।

धेरै फलफूल उत्पादन हुने ठाउँमध्ये धनकुटा पनि एक हो । धनकुटाका किसान विवेक राई शीतगृह निर्माणपछि किसानलाई राहत मिलेको बताउनुभयो । फलफूल र तरकारीको सिजनअनुसार उत्पादनलाई बिक्री गर्नका लागि बर्सेन आफू धरान कृषि बजार आउने गरेको बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "अहिले धेरै सजिलो भएको छ, जाडो मौसममा दुई/तीन दिनसम्म बाहिर फलफूल राख्दा खासै बिग्रने हुँदैन, तर अहिले गर्मी समयमा एक दिन बाहिर राख्दा बिग्रने हुँदा शीतगृहमा राख्दा महँगो पनि खासै छैन फर्काएर लैजान नपर्ने हुँदा ठूलो सहयोग पुगेको छ", उहाँले भन्नुभयो ।

उहाँहरू मात्र होइन, अहिले धरान-१३ स्थित शीतगृह निर्माणपछि पहाडी भेगका किसानलाई ठूलो राहत मिलेको छ । धनकुटा, भोजपुर, तेह्रथुम, सङ्खुवासभा, खोटाङलगायतका ठाउँबाट कृषि उपज बजारमा बिक्री गर्न आउने किसानका लागि शीतगृह बरदान सावित भएको छ ।

कोशी प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले २०७६/७७ मा बाली विशेष भण्डार गृह निर्माण कार्यक्रमअन्तर्गत उपलब्ध गराएको रु ४९ लाख ८३ हजार तीन सय र कृषि बजार व्यवस्थापन समितिको रु २६ लाख ९७ हजार आठ सय ४० गरी कुल रु ७६ लाख ८१ हजार एक सय ४० लागतमा शीतगृह निर्माण भएको हो ।

शीतगृहमा कृषि उपज राख्न किसान र व्यापारीलाई सहज भएपछि २०७७/७८ मा पनि कोशी प्रदेश सरकारले रु ५० लाख उपलब्ध गराएको हो । त्यसमा कृषि बजार समितिले रु १७ लाख थप गरेर कुल रु ६७ लाख लागतमा अर्को शीतगृह थप गरिएको छ ।

अहिले शीतगृहका छवटा च्याम्बर छन् । एउटा च्याम्बरमा २५ टनदेखि ३० टनसम्म भण्डारण गर्न सकिन्छ । छवटा च्याम्बरमध्ये २५ टन क्षमताको एउटा च्याबर किसानका लागि आरक्षणका रूपमा छुट्याइएको कृषि बजार व्यवस्थापन समितिका व्यवस्थापक लक्ष्मण भट्टराईले बताउनुभयो ।

"अरू च्याम्बरमा कृषक, व्यापारी सबैले राख्न पाउँछन् तर एउटा च्याम्बर कृषककै लागि छुट्याइएकाले अरूले राख्न पाउँदैनन्, यो कृषकलाई आरणक्षका रुपमा राखिएको हो", उहाँले भन्नुभयो । शून्य डिग्री तापक्रम रहने शीतगृहमा अहिले आलुको बीउ, जुम्ली स्याउ, नौनी घ्यू र भारतबाट आएका सयपत्रीका फूल राखिएको छ । शीतगृहमा ड्रागन फ्रुट एक महिनासम्म, किवी तीन महिनासम्म, आलुको बीउ एक वर्षसम्म र हरियो तरकारी एक हप्ताभन्दा धेरै समयसम्म भण्डारण गर्न सकिने व्यवस्थापक लक्ष्मण भट्टराईले बताउनुभयो ।

यसरी भण्डार गर्दा किसानले प्रतिकेजी मासिक दुई रुपैयाँ ५० पैसा तिर्नुपर्छ । शीतगृहमा व्यापारीले पनि बाहिरबाट किनेर ल्याएका स्याउ, अङ्गुर, अनारजस्ता फलफूल राख्ने गर्छन् । कतिपय व्यापारीले च्याम्बर नै लिजमा लिने गरेका छन् । उनीहरूले ३० टन क्षमताको प्रतिच्याम्बर मासिक रु ३० हजार तिर्ने गरेका छन् ।

धरानस्थित कृषि उपज बजारमा दैनिक रूपमा करिब एक हजारभन्दा बढी किसान र दुई सयभन्दा बढीको हाराहारी व्यापारीबीच कारोबार हुने गरेको छ । यहाँ दैनिक दुई करोडको हाराहारीमा कारोबार हुने गर्छ । वार्षिक कारोबार रु पाँच/छ अर्बभन्दा बढी हुने गरेको कृषि बजार व्यवस्थापन समितिका व्यवस्थापक लक्ष्मण भट्टराईले बताउनुभयो । रासस

## खिम्ती-२ को शेयर व्यवस्थापन नागरिक लगानी कोषले गर्ने

काठमाण्डु । 'पिपुल्स इनर्जी लिमिटेड'ले निर्माण गरिरहेको खिम्ती-२ जलविद्युत् आयोजनाको शेयर प्रत्याभूति व्यवस्थापन कार्य गर्न नागरिक लगानी कोषलाई प्रत्याभूतिकर्ता नियुक्त गरेको छ ।

पिपुल्सले सर्वसाधारणका लागि जारी गर्न लागेको धितोपत्रको सार्वजनिक निष्काशनका कोषलाई प्रत्याभूतिकर्ता नियुक्त गरेको हो । यससम्बन्धी सम्झौतापत्रमा बिहीबार कोषका तर्फबाट कार्यकारी निर्देशक पर्वतकुमार कार्की र पिपुल्स इनर्जी लिमिटेडका तर्फबाट कार्यकारी अध्यक्ष कृष्णप्रसाद आचार्यले हस्ताक्षर गर्नुभयो ।

पिपुल्स इनर्जीले रामेछापको खिम्ती खोलामा निर्माण गरिरहेको ४८ दशमलव आठ मेगावाटको खिम्ती-२ जलविद्युत् आयोजनाको जारी पुँजी रु तीन अर्ब ३० करोडमध्ये २० प्रतिशतले हुन आउने ६६ लाख कित्ता साधारण शेयर जारी गर्न लागिएको हो । साधारण शेयर सर्वसाधारण, आयोजना प्रभावित क्षेत्रका बासिन्दा, सामूहिक लगानी कोषका लगानीकर्ता र कम्पनीका कर्मचारीका लागि छुट्याइएको छ । प्रतिकित्ता रु एक सय अङ्कित दरले उक्त शेयरको मूल्य रु ६६ करोड छ ।

निजी क्षेत्रको लगानीमा निर्माणाधीन उक्त आयोजनाको ७५ प्रतिशत काम सम्पन्न भइसकेको पिपुल्स इनर्जीका कार्यकारी अध्यक्ष कृष्णप्रसाद आचार्यले जानकारी दिनुभयो । आयोजनाको आठ दशमलव ३५ किलोमिटर लामो सुरुङ निर्माणको काम अन्तिम चरणमा पुगेको तथा हेडवर्क्स र इलेक्ट्रोमेकानिकलको काम बाँकी रहेको उहाँले बताउनुभयो ।

पिपुल्सका कम्पनी सचिव जनार्दन अर्यालले आगामी एक वर्षभित्र आयोजनाको काम सकेर विद्युत् उत्पादन सुरु गर्ने तयारी भइरहेको बताउनुभयो । आयोजनामा सानीमा बैंकको नेतृत्वमा विभिन्न आठ वाणिज्य बैंकले ऋण लगानी गरेका छन् । आयोजनाबाट वार्षिक करिब २६ करोड युनिट विद्युत् उत्पादन हुनेछ । रासस


### श्री धर्म संस्था
**(रामस्वरुप साह, रामसागर साह)**
**मिल्स एरिया, जनकपुरधाम-१**

**सिलबन्दी रेट पेश गर्ने सम्बन्धी सूचना**

प्रकाशित मिति : २०८१/०२/३०

प्रस्तुत विषयमा यस श्री धर्म संस्थाको कार्यालयको पहिलो तल्लामा कार्यालय प्रयोजनको लागि फिनिशिंग कार्यको सम्बन्धि सम्पूर्ण कार्य गर्ने भएको हुँदा इच्छुक निर्माण कम्पनीहरुले नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, पछिलो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु सहित फिनिशिंग कार्यको दर रेट सहित सूचना प्रकाशित मितिले ११ (एघार) दिन भित्र कार्यालय खुलेको दिन श्री धर्म संस्था, मिल्स एरिया, जनकपुर-०१, स्थित मुख्य कार्यालयमा आइ पुग्न यो सूचना प्रकाशन गरिएको छ ।

**नोट :-**
- विस्तृत जानकारीको लागि श्री धर्म संस्थाको प्रशासन शाखामा सम्पर्क राख्न सकिने छ ।
- बोलपत्र आवेदन फाराम (द्यइत्त) यस संस्थाको कार्यालयबाट रु. १०००|- नगदी बुझाई खरिद गर्न सकिने छ र उक्त रकम पछि फिर्ता गरिने छैन ।

**सचिव**



**मधेश प्रदेश सरकार**
**उर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय**
### भूमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन पर्सा
**विरगंज, नेपाल**

**उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याट्लग सपिङ्ग) विधिबाट सवारी साधन खरिद सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः- २०८१/०२/३२

भूमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन पर्साका लागि आवश्यक १ (एक) थान 2100CC डिजल इन्जिन 4WD Double Cab Pickup सवारी साधन (गाडी) खरिद गर्नु परेकोले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधित सहित) को दफा ८ को उपदफा १ (क८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित सहित) को नियम ३१ ख बमोजिम क्याट्लग सपिङ्ग विधिवाट खरिद गर्ने मिति २०८०/०२/२४ को प्रकाशित सूचि दर्ताको सूचना अनुसार उत्पादक वा अधिकृत विक्रेताद्वारा निर्धारित दरमा (क्याट्लग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४ को दफा ९ र १० अनुसार उत्पादक वा त्यसको आधिकारीक विक्रेताले उत्पादनको आधिकारिक स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याट्लग वा ब्रोसर) संलग्न राखी सिलवन्दी सहितको प्रस्ताव ७ (सात) दिन भित्र यस भूमिगत जलश्रोत तथा सिंचाइ विकास डिभिजन पर्सामा दर्ता गराउनु हुन सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ । रित्त नपुगी वा म्याद नाघी आएको प्रस्ताव उपर कुनै कारवाही हुने छैन । पेश हुन आएका प्रस्तावहरु स्वीकृत गर्ने वा अस्वीकृत गर्ने एवम् खरिद प्रक्रिया जुनसुकै बखत रद्द गर्ने अधिकार यस डिभिजनमा निहित रहने छ ।

| S.N. | Description | Quantity | Remarks |
|---|---|---|---|
| 1 | Supply and delivery of 4WD Double Cab Pickup with 4 cylinder turbo charged diesel engine, rated power output-not less than 60hp, displacement 2100-2700 cc, fuel tank capacity min. 55 ltrs, power steering. | 1 (One) | As per approved technical Specifications |

नि डिभिजन प्रमुख

# भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा ताला

**टुडे समाचारदाता**

राजविराज । काम गरेको भुक्तानी उपलब्ध गराउन माग राख्दै निर्माण व्यवसायीहरुले बिहीबार राजविराज स्थित भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा ताला लगाएका छन् ।

निर्माण व्यवसायी संघ सप्तरीका अध्यक्ष सतीषचन्द्र झाको अगुवाईमा बिहीबार ११ बजे कार्यालमा पुगेका निर्माण व्यवसायीहरुको टोलीले ताला लगाएका छन् ।



कार्यालय परिसरमा निर्माण भइरहेको नयाँ कार्यालय भवनको रनिङ्ग बिल लामो समयसम्म ठेकेदार कम्पनीले पाउन नसकेको र कार्यालय प्रमुखले विभिन्न बहानामा आलटाल गर्ने गरेकोले तालाबन्दी गर्नु परेको निर्माण व्यवसायी संघ सप्तरीका अध्यक्ष झाको भनाइ छ । उनले यसबारे तीन दिन अघि नै सम्बन्धित निकायलाई जानकारी गराइसकेको तर, कतैबाट चासो नदेखाएकाले अनिश्चितकालीन तालाबन्दी गरिएको बताए ।

उक्त कार्यालयको भवन निर्माणको ठेक्का पाएका राधा कृष्ण निर्माण सेवाका प्रतिनिधि विनोद साफीले काम गरेको बिलको भुक्तानी समयमा नपाउँदा भवनको बाँकी काम रोकिनुका साथै आफूहरु समस्यामा परेको बताए ।

उनले २०७९ माघ २२ गते पिपिएमओले कार्यालय भवन निर्माणका लागि इविडिङ्ग मार्फत आफूलाई ४ करोड १६ लाख ६० हजार ५ सय १० रुपैयाँमा ठेक्का दिएको बताए । ठेक्का सम्झौता अनुसार २०८१ असार १५ गतेसम्म निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ । तर, हालसम्म गरेको काम अनुसारको बिलको भुक्तानी नपाउँदा समस्यामा परेको उनको भनाइ छ । उनले हाल सम्म काम सम्पन्न गरेको ६६ लाख २६ हजार ५ सय रुपैयाँको भुक्तानीका लागि गत असोज ३० गते नै सबै कागजात पेश गरिसके भएपनि विभिन्न बहानामा कार्यालय प्रमुख र लेखापालले आलटाल गर्दै आएको गुनासो पोखे ।

बिल भुक्तानी नपाउँदा एकातिर निर्माण कार्य रोकिएको छ भने अर्को तिर उधारोमा ल्याएको निर्माण सामग्री पसलेहरुको गाली बेइज्जत सहेर बस्नु परेको उनको भनाई छ ।

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र राजविराजका प्रमुख डा.राम पवित्र दासले भवन निर्माण प्रक्रियाको विषयलाई लिएर जिल्ला कै अर्का प्रतिस्पर्धी निर्माण कम्पनी श्री राम निर्माण सेवाले अख्तियारमा उजुरी दिएको बताए ।

अख्तियारमा उजुरी परिसकेपछि भुक्तानी दिए आफू पनि फसिने डरले लेखापालले चेक बनाउन नमानेकाले भुक्तानीमा समस्या भएको उनको कथन छ । यद्यपि समस्या समाधानका लागि आफूले पहल गरिरहेको उनले बताए ।

यता निर्माण व्यवसायीहरुले कार्यालयमा तालाबन्दी गरेपछि कार्यालयबाट प्रवाह हुने सबै सेवा ठप्प भएको छ । स्थानीयले ठेकेदार कम्पनीद्वारा हाल सम्म भए/गरेको निर्माण कार्यको प्राविधिकबाट चेक जाँच मुल्याङ्कन गराई ठेकेदार कम्पनीले पाउनु पर्ने उचित रकम भुक्तानी गरी कार्यालयको ठप्प भएको सेवा सुचारु गर्न माग गरेका छन् ।

यस्तै आवश्यक बजेटको व्यवस्था गरी अधुरो अवस्थामा छाडिएको कार्यालयको नयाँ भवनको निर्माण कार्य अविलम्ब सुरु गर्न माग स्थानीयले गरेका छन् ।

# हत्या गरी महिलाको शव लुकाइएको आशंका

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको महेन्द्रनगरबाट ६ दिनदेखि बेपत्ता रहेकी एक महिलाको हत्या गरी शव लुकाइएको आशंका छ ।

जिल्लाको क्षीरेश्वरनाथ नगरपालिका- ५ स्थित सखुवा महेन्द्रनगरकी २८ वर्षीया रुवी यादव ६ दिनदेखि बेपत्ता भएपछि उनको हत्या गरी शव लुकाइएको आशंका माइत पक्षले गरेको छ ।

रुवीकी श्रीमान राजु यादवको परस्त्रीका कारण बिबाद हुँदै आएको थियो ।

उनी केही महिनाअघि वैदेशिक रोजगारबाट फर्केका थिए । परस्त्रीसंग राजुको हिमचिम हुँदा श्रीमति रुवीसंग केही महिनादेखि बिबाद थियो । जसको कारणले बेपत्ता गरी हत्या गरेको हुन सक्ने आशंका माइत पक्षको आरोप छ ।

रुवीका भाई महोत्तरीको बर्दिबास नगरपालिका- ९ का अनित यादवले दिएको जानकारी अनुसार बिबादको क्रममा राजुले रुवीलाई कुटपीटसमेत गर्ने गरेका थिए । बेपत्ता हुनु पाँचदिन अघि निर्घात कुटपीट गरेपछि इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरमा छलफल भएको थियो ।



गत शुक्रबार रातिदेखि नै रुवी बेपत्ता छन् । अर्कोदिन शनिबार बिहान उठेपछि आमा घरमा थिइनन् । उनका ६ वर्षीय छोरा सोनु यादव शुक्रबार राति खाना खाएर बुबाआमासंगै सुतेका थिए । सो राति पनि बिबाद भएको थियो ।

सोनुलाई उनको बुवा राजुले आमा अन्तै गएको भन्दै उनले आफै खाना पकाएर, खुवाएर स्कुल पठाएका थिए ।

इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरमा माइतपक्षले रुवी बेपत्ता भएकोले खोजबिनका लागि रुवीको भाइ अनितले निवेदनसमेत दिएको छ ।

यता इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरले रुवीको खोजबिनको लागि सर्च अप्रेसन चलाएको छ ।

सो घटनाबारेमा इप्रका सखुवा महेन्द्रनगरले निवेदन आएको बारे जानकारी गराए पनि खोज तलास जारी रहेकाले केही भन्न नमिल्ने जनाएको छ ।

# सात ट्रेड युनियनको ११ बुँदे ज्ञापनपत्र

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय स्तरका ट्रेड युनियन तथा विभिन्न संगठनहरुले संयुक्त रुपमा मधेश प्रदेश सरकारलाई ११ बुँदे ज्ञापनपत्र बुझाएका छन् ।

जनकपुरधाममा बिहीबार प्रदेश निजामती सेवा ऐन, २०७७ तथा प्रदेश निजामती सेवा नियमावली, २०७९ अन्तर्गत सात राष्ट्रियस्तरका ट्रेड यूनियन तथा विभिन्न संगठनले संयुक्तरुपमा मुख्यमन्त्री सतीशकुमार सिंहलाई ११ बुँदे ज्ञापनपत्र बुझाएका छन् ।

सो ट्रेड यूनियन तथा सात संगठनले प्रदेश निजामती कर्मचारी अस्तपालको स्थापना तथा सोको व्यवस्था बमोजिम कर्मचारी र उनका परिवारका सदस्यहरुको उपचारको व्यवस्था, कार्यरत, सेवा निवृत्त कर्मचारी तथा उनका परिवार सदस्यलाई समेत आ-आफ्नो जिल्लामा रहेका सरकारी अस्पताललाई प्रदेश निजामती कर्मचारी अस्पतालको रुपमा रुपान्तरण गरी सेवा उपलब्ध गराउनुपर्ने, प्रदेश निजामती कर्मचारीको प्रदेश स्तरीय पोशाक तोकी कार्यान्वयन गर्नुपर्ने, प्रत्येक वर्ष माघ २८ गते निजामती सेवा दिवस मनाउने, प्रदेश निजामती सेवा पुरस्कारको व्यवस्था भएता पनि नियमित रुपमा कार्यान्वयन गराउनुपर्ने, कुनै पनि रोजगारीको अवसरमा शहीद परिवारका सदस्यलाई आरक्षणको सुनिश्चितता हुनुपर्ने माग गरेका छन् ।

त्यस्तै सेवा करारका कर्मचारीहरुको व्यवस्थापन गरी आवश्यक सेवा सुविधा उपलब्ध गराउनुपर्ने, हालसम्म प्रदेश सरकारबाट कानुन कार्यान्वयन नभएको हुँदा अविलम्ब लागु गर्नुपर्ने, निजामती कर्मचारीका सन्ततिलाई तोकिएको आधार तथा मापदण्ड बमोजिम प्रदेश सरकारले छात्रवृत्ति दिन सक्ने व्यवस्था भएता पनि कार्यान्वयन नभएको, प्रदेश निजामती कर्मचारीलाई स्वास्थ्य बीमा, शैक्षिकवृत्ति, आवास भत्ता, संचार खर्च, खाजा खर्च तथा जोखिम भत्ता उपलब्ध गराउनुका साथै घरजग्गा, सवारी साधन खरिद गर्दा सहुलियत ब्याजदरको प्रदेश सरकारले आवश्यक व्यवस्था गर्नुपर्ने, प्रदेशमा खटिएका कर्मचारीहरुको तलबमान बदलिदो आर्थिक सामाजिक परिवेश बमोजिम मर्यादित जीवनयापनका लागि न्युनतम पैतिस हजार रुपैयाँबाट शुरु गरी प्रदेश प्रमुख सचिवको तलब अनुपात १.५ को रेसियोमा हुनुपर्ने तथा मर्यादाक्रम अनुसार समावेश गर्नुपर्ने एवं प्रदेश सेवामा खटिने कर्मचारीहरुलाई वार्षिक रुपमा बिदाको सुविधा नलिई कामकाज गरेको खण्डमा प्रत्येक वर्ष संचित घर विदा वापतको रकम भुक्तानी हुनुपर्ने माग उनीहरुले गरेका छन् ।

नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामती धनुषाका अध्यक्ष मुनेश्वर यादव, नेपाल निजामती कर्मचारी संगठन मधेश प्रदेशका अध्यक्ष जीतनारायण भगत, नेपाल मधेशी निजामती कर्मचारी मञ्च धनुषाका दीपककुमार ठाकुर, नेपाल निजामती कर्मचारी युनियन धनुषाका अध्यक्ष धर्मराज पौडेल, शहीद परिवार तथा घाइते संघर्ष समिति धनुषाका अध्यक्ष रामनरेश यादव, अस्पताल विकास समिति प्रदेश समिति धनुषाका अध्यक्ष लालबाबु अन्सारी र सेवा करार कर्मचारी धनुषाका संयोजक अर्जुन यादवले संयुक्त रुपमा सो ज्ञापनपत्र बुझाएका छन् ।

# एक महिनामा ४१ फरार प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

गौर । रौतहट प्रहरीले मात्र ३० दिनभित्र ४१ जना फरार प्रतिवादी पक्राउ गरेको छ भने सोही अवधिमा ट्राफिक प्रहरीले १८ लाख रुपैयाँभन्दा बढी राजश्व सङ्कलन गरेको छ । फैसला कार्यान्वयन अन्तर्गत अदालतबाट कैद तथा जरिबाना सजाय रोकिएर फरार रहेका ४१ जना प्रतिवादीलाई जिल्ला प्रहरी कार्यालय तथा मातहतका युनिटहरूले पक्राउ गरेको छ ।

गत जेठ १ गतेदेखि ३० गतेसम्म पक्राउ परेका सबै जना फैसला कार्यान्वयनका लागि जिल्ला अदालत गौरमा बुझाइएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले बताएकी छन् । जिल्ला प्रहरी कार्यालय रौतहटमा नयाँ एसपीको रूपमा दिलीप घिमिरेले कमान्ड सम्हाले देखि एउटा छुट्टै अभियान सञ्चालन गरेर फरार प्रतिवादीलाई पक्राउ गरी कारबाही तथा फैसला कार्यान्वयन गराउन तीव्रता दिइएको छ ।

त्यस्तै ट्राफिक प्रहरी कार्यालयले मात्र ३० दिनको अवधिमा १८ लाख रुपैयाँ भन्दा बढी राजश्व सङ्कलन गरेको कार्यालय प्रमुख इन्स्पेक्टर सुशील आचार्यले जानकारी दिए । यही जेठ १ गते देखि बुधवार ३० गते सम्म जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट गरिएको चेकजाँचको क्रममा सवारी नियम उल्लङ्घन गर्ने १५८५ जना सवारी चालकहरूलाई सवारी नियम अनुसार कारबाही गरी १८ लाख, ७० हजार रुपैयाँ राजस्व सङ्कलन गरेको प्रहरी प्रवक्ता डीएस्पी गिरीले बताएकी छन् ।

# महिला प्रहरीको शंकास्पद मृत्यु

**टुडे समाचारदाता**

लहान । सिरहामा एक महिला प्रहरीको शंकास्पद मृत्यु भएको छ । बिहीबार दिउँसो साढे ३ बजेतिर शौचालयमा पासो लागेको अवस्थामा जिल्ला प्रहरी कार्यालय सिरहामा कार्यरत्त महिला प्रहरीको शव भेटिएको छ । महिला प्रहरीले आत्महत्या गरेकी छन् वा हत्या भएको छ भन्ने बारे रहस्यमय बनेको छ ।

सो घटना सिरहा प्रहरीले गुपचुप नै राखेको छ । ती महिला प्रहरीको नाम गोप्य नै राखिएको छ । सिरहाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक रमेश पण्डितले मृतक महिला प्रहरी भए पनि




आफू बाहिर भएको भन्दै नाम खुलाएनन् । उनले भने, 'मृतक महिला प्रहरी छिन्, थप विवरण पछि भन्छु ।'

यता घटनापछि जिल्ला प्रहरी कार्यालय खाली गराइएको छ । सेवाग्राहीलाई 'विशेष बैठक' भन्दै कार्यालयमा प्रवेश गर्न दिएको छैन् ।

सो घटनालाई लुकाउनका लागि प्रहरी निरीक्षक उदयभान द्विवेदीले सञ्चारकर्मीहरूमाथि समेत दुर्व्यवहार गरेको स्थानीय सांचरकर्मीहरुले आरोप लगाएका छन् ।

# तराईमा तापक्रम निरन्तर बढ्दै
# वीरगञ्जका विद्यालय थप तीन दिन बन्द

**टुडे समाचारदाता**

वीरगञ्ज । अत्यधिक गर्मीले तराईको जनजीवन प्रभावित भएसँगै वीरगञ्ज महानगरपालिकाले तीन दिन विद्यालय बन्द गर्ने निर्णय गरेको छ । महानगरले बिहीबारदेखि असार २ गतेसम्म आफ्नो क्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयमा गर्मी बिदा दिने निर्णय गरेको छ ।

वीरगञ्ज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराईले तराई क्षेत्रमा गर्मी बढिरहेको र अझै केही दिन यो क्रम बढ्नसक्ने मौसम विभागको पूर्वानुमान तथा बालबालिकाको स्वास्थ्यलाई दृष्टिगत गरी तीन दिन गर्मी बिदा थप गरिएको बताए ।

महानगरका विद्यालयलाई बिहान साढे १० बजेभित्रै पठनपाठन गराउन निर्देशन दिएको थियो तर उक्त समयमा कक्षा सञ्चालन गर्दा पनि कक्षामा विद्यार्थी मुर्छित भएपछि थप तीन दिन गर्मी बिदा दिने निर्णय भएको उनले जानकारी दिए ।

महानगरको शिक्षा समितिको २०८१ जेठ १४ गतेको बैठकले जेठ १६ गतेदेखि १८ गतेसम्म गर्मीबिदा दिएको थियो । महानगरमा ९२ वटा सामुदायिक र एक सय ३८ निजी विद्यालय सञ्चालित छन् । यहाँ सामुदायिकतर्फ २१ माध्यमिक, १५ आधारभूत, ५५ वटा प्राथमिक विद्यालय र एउटा पूर्वप्राथमिक विद्यालय छ ।

बुधबार वीरगञ्जको अधिकतम तापक्रम ३८.७ डिग्री सेल्सियस पुगेको थियो भने अहिले यहाँको तापक्रम ३८ डिग्री सेल्सियस मापन गरिएको जल तथा मौसमविज्ञान विभागले

> महानगरले बिहीबारदेखि असार २ गतेसम्म आफ्नो क्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयमा गर्मी बिदा दिने निर्णय गरेको छ ।

जनाएको छ ।

विभागले मध्य तथा पश्चिमी तराईमा अत्यधिक गर्मीको सम्भावना देखिएकाले सतर्कता अपनाउन अनुरोध गरेको छ । मौसम पूर्वानुमान महाशाखाले गत मङ्गलबार विशेष बुलेटिन निकालेर सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराई भूभागका केही स्थानमा विगत केही दिनदेखि अधिकतम तापक्रम ४० डिग्री सेल्सियसभन्दा बढी मापन गरिएको जनाएको थियो ।

# भ्वाइस मैसेजको माध्यमबाट कारोबार सुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय बचत तथा ऋण सहकारी संस्था लिमिटेडले नेपालमा पहिलोपटक भ्वाइस मैसेजको माध्यमबाट छिमेकी देश भारतबाट समेत क्यूआर कोड मार्फत रकमको कारोबार थालेको छ ।

जनकपुरधाममा बिहीबार एक कार्यक्रमका बीच राष्ट्रिय बचत तथा ऋण सहकारी संस्थाले फोन-पे, इ-सेवा र फिन-एक्सको भ्वाइस मैसेज र छिमेकी राष्ट्र भारतबाट यूपिआइ, फोनपे, भिम एपबाट रकम प्राप्त गर्ने गरी क्यूआर कोड सेवा संचालनमा ल्याएको जनाएको छ ।

सोको शुभारम्भ कार्यक्रममा राष्ट्रिय सहकारी बैंक जनकपुरधामका प्रदेश प्रमुख विष्णुप्रसाद पराजुली, शाखा प्रबन्धक विनोद चुडाल र नेफ्सकुन जनकपुरधामका प्रमुख ब्रजेश गुप्ताले शुभकामना मन्तव्यसहित संस्थाको संचालनक विद्याकर प्रसाद साहको अध्यक्षतामा सहायक प्रबन्धक प्रियंका कुमारी साहले कार्यक्रम संचालन गरेकी थिइन् ।

# नेपाल-भारतको खुला सिमानाले प्रगाढ सम्बन्ध

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल भारत बीचको सीमानाकामा देखिएको बेथितिलाई समाधानका लागि राजनीतिकरुपमा समाधान गर्नुपर्ने आवश्यकता रहेको वक्ताहरुले जोड दिएका छन् ।

सिरहामा बिहीबार नेपाल भारत खुला सीमा सम्वाद समूह सिरहाको आयोजनामा भएको नेपाल भारत खुला सीमा सुमधुर सम्बन्धको आधारशिला विषयक अन्तरक्रिया कार्यक्रममा अध्यक्ष राजीव झाले नेपाल भारतको खुला सिमानाकै कारण दुई देशको सम्बन्ध अझै प्रगाढ भएको बताउँदै विश्वमै दुई देशको खुला सीमाले सदियौँदेखि चलिआएको रोटीबेटीको सम्बन्धलाई मजबुत बनाएको बताए ।



नेपाल भारत खुला सीमा सम्वाद समूह सिरहाका अध्यक्ष परितोस यादवको अध्यक्षतामा भएको कार्यक्रममा समाजसेवी डा. रामप्रताप यादव, प्रा. चन्देश्वर प्रसाद यादव, भारतीय कम्युनिष्ट पार्टी मालेका नेता भुसन कुमार, भारत बिहारको जयनगर चेम्वर अफ कर्मसका प्रतिनिधि अनिल कुमार बरौलिया, भारतका वरिष्ठ पत्रकार ललित कुमार झा, समूहका प्रदेश सहअध्यक्ष दीपक यादवलगायतले खुला सीमाले दुई देशमा बढाएको सुमधुर सम्बन्धको विषयमा प्रकाश पारेका थिए ।

# धनुषाका १६ वटा पालिका पूर्ण खोपयुक्त घोषणा

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाका १८ पालिकामध्ये १६ वटा पालिकालाई पूर्ण खोपयुक्त पालिका घोषणा गरिएको छ । बिहीबार जिल्लाको सबैला नगरपालिकालाई पूर्ण खोपयुक्त पालिका घोषणा गरेपछि धनुषामा पूर्ण खोपयुक्त पालिकाको संख्या १६ पुगेको छ ।

स्वास्थ्य कार्यालय धनुषाका खोप फोकल पर्सन राजदेव यादवले जिल्लाका धनुषाधाम नगरपालिका र जनकपुरधाम उपमहानगरपालिका बाहेक सबै पालिका पूर्ण खोपयुक्त पालिका घोषणा भएको बताए । बाँकी दुई पालिका पूर्ण खोपयुक्त घोषण गर्न तयारी पूरा भइसकेको बताउँदै मिति तोक्न मात्र बाँकी रहेको जानकारी दिए ।



जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले खोप लगाउने उमेर समूहका कुनै पनि बालबालिकालाई खोपबाट वञ्चित हुन नदिनतर्फ सबै सचेत हुनुपर्ने र त्यसका लागि निरन्तर अनुगमन आवश्यक रहेको बताए । उनले यो घोषणा सधैँ कायम राख्न महिला स्वास्थ्य स्वयंसेविका महत्वपूर्ण योगदान रहने जानकारी दिए ।

सबैला नगरपालिकाका नगर प्रमुख कारीराम यादवले सबैको साथ सहयोगका कारण मात्रै यो पालिकालाई पूर्ण खोपयुक्त घोषणा गर्न सफल भएको बताए । खोप तालिकामा समावेश भएका १५ महिना उमेरभित्रमा पाउनुपर्ने खोपहरू सबै बालबालिकाले पूर्णरुपमा लिएसँग यो घोषणा गरिएको जानकारी दिए ।

# अग्निपीडितलाई राहत

**टुडे समाचारदाता**

राजविराज । आगलागीबाट सर्वस्व गुमाएकी एकल महिलालाई बिहीबार राहत सामग्री प्रदान गरिएको छ ।

राजविराज नगरपालिका- ६ की एकल महिला ६५ वर्षीया लिलादेवी सरवरीयालाई वडा कार्यालयको तर्फबाट तत्कालीन राहत स्वरुप सहयोग उपलब्ध गराइएको छ ।

अघिल्लो दिन राति भएको आगलागीले उनको फुसको संरचना भएको दुई वटा घरका साथै भाडाकुडा, लत्ताकपडा, फर्निचर, खाद्यान्न सबै जलेर नष्ट भएको थियो ।

वडा न ६ को दलित कोटाबाट वडा सदस्य पदमा निर्वाचित सदस्य समेत रहेकी सरवरीयाको आगलागीबाट विजोग भएपछि तत्काल राहत स्वरुप केही सहयोग प्रदान गरिएको वडा अध्यक्ष शशी



चौधरीले बताए ।

उनलाई घर मै पुगी २५ केजी चामल, ५ केजी खाने तेल, ५ किलो दाल, २ केजी नुन, प्रेसर कुकर, झुल, बाल्टीन, साबुन, भाडाकुडा र साडी लगायतका सामग्री उपलब्ध गराइएको छ । सो अवसरमा नगर प्रहरीका असई शिव नारायण यादव, वडा सदस्य दीपक शर्मा, सोमिता सदा, नेपाल पत्रकार महासंघका केन्द्रीय परिषद् सदस्य मनोज कुमार माझी लगायतको उपस्थिति रहेको थियो ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८